# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY



श्रीलंकाको ध्यानी बुद्ध मूर्ति

आश्विन पूर्णिमा

DHARMAKIRTI

वर्ष- १६ अङ्क- ६ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफैं हुनेछ-सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | |
|---|---|
| बुद्धवचन ....... १ | बौद्ध दृष्टिमा ब्राह्मणमत ....... ११ |
| धम्मपद-११२ ....... २ | नेपा:या लुम्बिनी- बुद्ध जन्मभूमी ....... १४ |
| (अ) सुत्तपिटक : ....... ३ | धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-६ ....... १५ |
| कस्तो यो मन ....... ४ | जीवन व्यथाहरू ....... १६ |
| संयुक्त निकाय पहिलो भाग, नल वर्ग ....... ५ | धर्मकीर्ति विहार गतिविधि ....... १७ |
| मनन योग्य धम्मपद गाथा ....... ६ | धर्मप्रति ....... १८ |
| बुद्ध शिक्षामा कर्म विषयको चिन्तन ....... ७ | शान्ति ....... १८ |
| तपाईँकी पत्नी कस्तो चरित्रकी छिन् ? | भिक्षु व शान्ति ....... १९ |
| एकैछिन सोच्नुस् त ! ....... ८ | धर्म प्रचार समाचार ....... २० |
| सत संगत ....... १० | धर्मकीर्ति बौद्ध मासिक २०५४ साल वर्ष १५ अंक १ |
| शील समाधि प्रज्ञा ....... १० | देखी १२ सम्मको आय व्यय विवरण ....... २३ |
| | छलफल ....... २४ |


★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**धुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११८
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |



# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY
October 1998

| वर्ष- १६ | अङ्क- ६ | कतिंपुन्ही | २०५५ |
|---|---|---|---|





★ उपदेश दिने र अनुशासनमा रहने व्यक्तिले आफ्नो असभ्य स्वभाव छोड्न सके उ सत्पुरुषहरूको प्रेमपात्र हुन्छ। उसलाई असत्पुरुषले रुचाउँदैन।

★★★

★ ठुलठुला ढुंगालाई हावाले उखेल्न नसके झैं निन्दा र प्रशंसाले पण्डितहरूलाई विचलित गराउन सक्तैन।

★★★

★ राम्रोसंग देशना गरिएको सद्धर्म अनुसार आचरण गर्ने व्यक्ति नै यो संसार दुःखबाट पार तरेर जान्छ।


Downloaded from http://www.dhamma.digital

# धम्मपद-११२

✍ रीना तुलाधर

**"अथ पापानि कम्मानि- करं बालो न बुज्झति**
**सेहि कम्मेहि दुम्मेधो- अग्गिदड्ढो व तप्पति"**

**अर्थ:** मूर्खहरूले पाप गर्ने समयमा पापले दुःख हुनेछ भनी सम्झँदैनन्। तर पछि पापकर्मको भोग गर्नुपर्ने समयमा त्यही पाप कर्मले आगोले पोले झैं पोल्छ।

**घटनाः** एक समयमा भगवान बुद्ध राजगृहको वेलुवन आराममा बस्नु भएको समयमा महामौद्गल्यायन स्थविर र लक्षण स्थविर सँग सँगै गृद्धकूट पर्वतबाट तल ओरालो लागेर आईरहनु भएको थियो । बाटोमा महामौद्गलयायन स्थविरले एउटा, त्यस्तो अजिङ्गर प्रेतलाई देख्नु भयो जसको जीउ धेरै नै लामो थियो। उसको टाउकोबाट आगोको ज्वाला निस्केर फेरि आगो उसकै टाउको भित्र पसिरहन्थ्यो। उसको जीउबाट चारैतिर आगो निस्कन्थ्यो र फेरि आगोको ज्वाला उसकै जीउभित्र पस्थ्यो । त्यो भयंकर प्रेतलाई देखेर महामौदगल्यायन स्थविर मुसुक्क हाँस्नुभयो । लक्षण स्थविरले उहाँ हाँस्नु भएको देखेर किन हाँस्नु भयो भनी सोध्नु भयो। महामौदगल्यायन स्थविरले भन्नुभयो, "अहिले म हाँसेको कारण बताउन उचित छैन। हामी दुबै भगवान बुद्धको समक्ष नपुगुञ्जेलसम्म पर्खनुस्" जब दुबैजना स्थविरहरू राजगृहमा भिक्षाटन गरेर भोजन गर्न सिद्धिएपछि भगवान बुद्धकहाँ पुग्नु भयो त्यहाँ फेरि लक्षण स्थविरले महामौदगल्यायन स्थविरसँग बाटोमा मुसुक्क हाँस्नु भएको कारण सोध्नुभयो । महामौदगल्यायन स्थविरले जवाफ दिनुभयो- "बाटोमा मैले एउटा यस्तो प्रेत देखें जसको जीउ यस्तो उस्तो थियो । जब मैले त्यो प्रेतलाई देखें मलाई लाग्यो त्यस्तो प्रेत त मैले कहिल्यै देखेको छैन। त्यसकारण म हाँसेको," दुई स्थविरहरूको बिच यो कुरा सुन्नुभएपछि त्यहाँ उपस्थित हुनु भएका भगवान बुद्धले भन्नुभयो- "मेरा श्रावकहरूको साँच्चै राम्रो आँखा छन् र तिनीहरूले राम्रै त्यसको प्रयोजन गरेका छन्। मैले पनि बोधिवृक्ष मुनि बसेर बुद्धत्व प्राप्त गरेको समयमा त्यही प्रेतलाई देखेको थिएँ। त्यसबेला मलाई विचार आयो कि यदि मैले त्यो प्रेतको बारेमा अरुलाई कोही कसैले पत्याएन भने बुद्धको कुरा नपत्याएको कारण त्यसलाई हानी हुन सक्छ । अतः त्यो प्रेतको बारेमा आजसम्म मैले कसैलाई भनेको छैन । अहिले मौदगल्यायनले पनि त्यो प्रेतलाई देखिसकेको हुनाले साक्षी भयो। म पनि अजिङ्गर प्रेतको बारेमा त्यही भन्छु यस्तो भन्नु हुँदै भगवान बुद्धले अजिङ्गर प्रेतले पूर्वजन्ममा गरेको पापको विपाक स्वरुप त्यस्तो शरीर धारण गरेर त्यस्तो पाप भोग्नु परेको कारण पनि भन्नु भयो।

काश्यप बुद्धको पालामा सुमंगल नामको सेठ श्रद्धालु बुद्धको उपासक थियो । उसले सुनको ईँटा ओछ्याएर जग्गा किनेर फेरि त्यति नै धन खर्च गरेर विहार वनाए। विहार निर्माण गर्न सिद्धिएपछि यति नै धन खर्च गरेर विहारको उद्घाटनको महोत्सव मनाए। एक दिन विहानै उठेर बुद्धको दर्शन गर्न विहारतिर गईरहेका थिए । बाटोमा एउटा चोर खुट्टाभरि माटो गरेर एक घरमा लुकिरहेको उसले देखे। त्यस्तो दशामा एउटा चोरलाई देखेर त्यस सेठले आफैलाई भने- "खुट्टा भरि माटो गरेर लुकेर बसेको यो मानिस राती राती भटक्ने हुनुपर्छ।" आफूलाई यसरी नराम्रो भनेको सुनेर त्यो चोरले सेठ माथि ईख गऱ्यो । मनमा डाह र इर्ष्या गरेर त्यसले सेठको खेत सात पटकसम्म जलाई दियो, गोठमा पशुहरूको खुट्टा सात पटकसम्म काटिदियो । उसको घर सात पटकसम्म जलाइ दियो।

यति गरे पनि उसको डाह सिद्धिएन । आफ्नो मान्छेहरू लगाएर सेठको सबैभन्दा मन पर्ने चीज के हो भनी जाँचबुझ गरेर अति भव्य बासना आउने गन्धकुटी भन्ने थाहा पाएर त्यो पनि जलाइदियो । भगवान बुद्ध भोजनको लागि नगरमा आउनु हुँदा खाने भाँडाहरू फुटालिदियो। गन्धकुटी जलाएको सुनेर सेठ दगुर्दै आउँदा सबै भस्म भईसकेको थियो।

सेठले विहारको पुनः निर्माण गऱ्यो । चोरलाई उसको अपराधको लागि क्षमा पनि गरिदियो । त्यही घोर अपराधको कारण अहिले सम्म अजिङ्गर प्रेत भएर जन्मेको छ।

यस्तो पूर्वकथा सुनाउनु हुँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो। ■

"महाराज, म अब राजवंशको होइन, श्रमण वंशको भइसकें।" *स्थान: कपिलवस्तु; श्रोता: शुद्धोदन। (बुद्ध प्रथम पटक कपिलवस्तु आउँदा शुद्धोदनलाई दिएको उत्तर)*


Downloaded from http://www.dhamma.digital

# (अ) सुत्तपिटक :

✍ कोण्डण्य

'सुत्त' धागोलाई भनिन्छ। 'पिटक' टोकरी (दालो) वा वाङ्मय (परम्परा) लाई भनिएको हो। यसर्थमा सुत्त-पिटकको अर्थ हुन्छ- धागोरूपी (बुद्ध-वचन) ग्रन्थ परम्परा। आचार्य बुद्धघोषले अट्ठसालिनीको निदान कथामा स्पष्ट गरिए झैं 'परियत्ति' वा 'परम्परा' लाई एक पुस्ताबाट अर्को पुस्तासम्म डोऱ्याउँदै अघि बढाउने काम नै 'सुत्त' हो। सुत्तको संस्कृत रूप सूत्र हो। संस्कृत बुद्धधर्म परम्पराका आचार्य असंगले ईश्वी चतुर्थ शताब्दी महायान सूत्रालंकारमा 'सूचनात् सूत्रम' को रूपमा 'सूत्र' शब्दको व्यूत्पत्ति गरेका छन्। आचार्य असंगका अनुसार सूचना दिने हेतुले नै सूत्रलाई 'सूत्त' भनिएको हो। सूत्तलाई सूक्त पनि गरीनुहुने कुरा छ। तर संस्कृत साहित्य अनुसार वा वैदिक परम्परा अनुसार सूत्रको परिभाषा र पालि भाषाको 'सुत्त (सूत्र)' को अर्थ उस्तै उस्तै छैन, मिल्दैन पनि।

सुत्त-पिटकमा बुद्धको उपदेशका साथसाथै वहाँका शिष्य भिक्षुहरूका उपदेशहरू सम्मिलित रहेका छन्। बुद्धले आफ्नो जीवन काल अर्थात बुद्धत्त्व ज्ञान लाभ गरी सकेपश्चातको ४५ वर्षको लामो धर्मप्रचार समयमा के के उपदेश दिनुभयो, आफ्नो जीवन र अनुभवका बारेमा वहाँले के के बताउनुभयो, के कस्ता व्यक्तिहरू सित भेटघात भयो, उनीहरूसँग के कस्ता वार्तालाप भए, वहाँ कुन प्रदेश, जनपदमा जानुभयो अर्थात बुद्धत्त्व प्राप्ति पश्चात् निर्वाण पद प्राप्त गर्न अगाडिको अवस्थासम्मको जीवनचर्याको यथावत घटना-परिघटनालाई संग्रहित गरिएको ग्रन्थ हो- सुत्तपिटक।

सुत्तपिटकमा बुद्धचर्या; बुद्धोपदेश र बुद्धका शिष्यहरूका उपदेश बाहेक छैठौं/पाँचौं इशापूर्व कालको बुद्धकालीन भूगोल र सामाजिक जीवन थाहापाउने थुप्रै आधारहरू रहेका छन्। बुद्धका समकालीन श्रमण-ब्राह्मण, साधारण जन-जीवनका बीचमा प्रचलित उद्योग-व्यवसाय, तत्कालीन मनोरंजन साधन, कला र विज्ञान, ब्राह्मणहरूका धार्मिक सिद्धान्त, जातिवाद, वर्णवाद, यज्ञवाद, तत्कालीन राजनैतिक परिस्थिति, जनपद, नगर, निगम एवं ग्राम (गाउँ) आदि स्थानहरूका विवरण र त्यस ठाउँका जन-जीवन, सामाजिक स्थिति, साहित्य र ज्ञानको अवस्था, कृषि र वाणिज्य व्यवस्था, तत्कालीन जीवनको नैतिक स्तर, नारी र दासदासीहरूको अवस्था, भिक्षु-भिक्षुणीहरूका संघीय जीवन पद्धत्ति आदि कुराहरू सुत्तपिटक अन्तर्गतका ग्रन्थहरूमा सम्मिलित भएको देखिन्छन्।

सुत्तपिटकको भाषा - शैली निश्चित रूप-आकारको देखिदैन। कुनै धेरै लामो, अलि लामो त कुनै कुनै छोटो, कुनै गद्यमय छन् त कुनै पद्यमय, कुनै सम्पूर्ण रूपमै गद्यमय भएर पनि बीच बीचमा पद्यमय भएको पाउँछौं। यसरी यसमा भाषागत शैलीमा एकै नासको नभई मिश्रितता देखिन्छ। यस्का प्रत्येक सूत्रको शुरूवातमा ऐतिहासिक भूमिकामा आधारित देखिएका छन्। 'एवं मे सुतं एकं समयं भगवा ...' अर्थात 'मैले यस्तो सुनें एक समय भगवान ...' भन्ने वाक्यांशले सूत्रहरू शुरूवात भएका देखिन्छन् भने अन्त चाहिं प्रायः बुद्धको उपदेश श्रवण गर्नेहरूले कृतज्ञतापूर्ण उद्गार व्यक्त गरिएका कुराहरू छन् भन्ने कुरा यसबाट थाहा हुन्छ- "आश्चर्य भो गौतम! धन्य सुगत! जसरी कोल्टो परेकोलाई सुल्टो पारिदिंदा, छोपिरहेकोलाई उघारिदिंदा, बाटो बिराएकोलाई बाटो देखाइदिंदा, अँध्यारो ठाउँमा तेलको बत्ती बालिदिंदा आँखा भएकोले रूपादि वस्तु राम्ररी देख्न थाल्दछ, त्यसरी नै तपाईंले मलाई अनेक प्रकारले धर्म प्रकाशित गरिदिनु भयो। अब म भगवानको शरणमा, धर्मको शरणमा, संघको शरणमा आउँछु। आजदेखि मलाई जन्मभर शरणमा आएको उपासक/उपासिका भनी शरणमा लिनुहोस्।"

भगवान्- बुद्धको उपदेश दिने शैली आफ्नै महत्त्व र विशेषताले उच्च रहेको देखिन्छ भन्ने कुरा सुत्तपिटक पल्टाउँदै जाँदा स्पष्ट हुने कुरा हो। शुरु शुरुमा वहाँले दान, शील, सदाचार, प्रशंसा, दुराचार, निन्दा आदि सामान्य प्रवचन दिनुहुन्छ भने, पछि बिस्तारै 'बुद्धानं सामुक्कंसिका धम्मदेसना' (बुद्धत्त्वलाई जागृत गराउने आदेशना) गर्नुहुन्छ, जस्मा चतुर आर्यसत्य वा आर्यअष्टांगिक मार्ग, प्रतित्यसमुत्पाद (कार्यकारण सिद्धान्त) आदि गंभीराति गंभीर धर्मोपदेश समाहित भएका हुन्छन्। वहाँले एक मनोवैज्ञानिकको तवरले उपदेश दिनु हुन्थ्यो। कसैलाई उपदेश गर्न अगाडि त्यस व्यक्तिको कार्य-पेशा, वासस्थान, उस्को मानसिक स्थिति आदिलाई ध्यान दिनुभई वहाँले सुहाउँदो उपमाउपमेयी उल्लेख गरी राम्ररी स्पष्टहुनेगरी उपदेश बुझाइदिने गर्नुहुन्थ्यो र यसरी मानिसहरूको



Downloaded from http://www.dhamma.digital

हृदय परिवर्तन हुने गर्थ्यो । त्रिपिटक अन्तर्गतका अनुपिटक ग्रन्थ मिलिन्द प्रश्न र आचार्य बुद्धघोषकृत विशुद्धिमार्गमा मर्मस्पर्शी उपमाउपमेयीहरू धेरै उल्लेख भएका पाइन्छन् ।

अब त्रिपिटक अर्न्तगत सूत्र-पिटक ग्रन्थलाई क्रमश: एक एक गरी चिनारीको रूपमा प्रस्तुत गरिदै जानु प्रासंगिक देखिन्छ ।

**(१) दीघनिकाय:**

सुत्तपिटकको प्रथम ग्रन्थ हो - 'दीधनिकाय" । दीघ भनेको ठूलो वा लामो भनिएको हो । यस्मा (क) सीलक्खन्धन वग्ग (ख) महावग्ग (ग) पाथिक वग्ग - जम्मा तीन वर्ग रहेका छन् । प्रथम वर्गमा १३ वटा, द्वितीय वर्गमा १० वटा र तेश्रो वर्गमा ११ वटा गरी जम्मा ३४ वटा सूत्रहरू रहेका छन् । जस्तो कि: क) सीलक्खन्धन वग्ग अन्तर्गत -१) ब्रह्मजाल सुत्त २) सामञ्ञफल सुत्त ३) अम्बट्ठ सुत्त ४) सोणदण्ड सत्त ५) कूटदन्त सुत्त ६) महालि सुत्त ७) जालिय सुत्त ८) महासीहनाद सुत्त ९) पोट्ठपाद सुत्त १०) शुभ सुत्त ११) केवट्ट सुत्त (केवद्ढ) १२) लोहिच्च सुत्त १३) तेविज्ज सुत्त । (ख) महावग्ग अन्तर्गत- १४) महापदान सुत्त १५) महानिदान सुत्त १६) महापरिनिब्बाण सुत्त १७) महासुदस्सन सुत्त १८) जनवसभ सुत्त १९) महागोविन्द सुत्त २०) महासमय सुत्त २१) सक्कपञ्ह सुत्त २२) महासतिपट्ठान सुत्त २३) पायासि- राजञ्ञसुत्त (पायासि-सुत्त) । (ग) पाथिक वग्ग अन्तर्गत २४) पाथिक सुत्त (पाटिक) २५) उदम्बरि-क-सीहनाद सुत्त (उदुम्बरिक सुत्त) २६) चक्कवत्ति सीहनाद सुत्त (चक्कवत्ति सुत्त) २७) अग्गञ्ञ सुत्त २८) सम्पसादनी (नि) य सुत्त २९) प्रासादिक सुत्त ३०) लक्खण सुत्त ३१) सिंगालोवाद (सिगालोवाद/सिङ्गाल) सुत्त ३२) आटानाटिय सुत्त ३३) संगीती - परियाय सुत्त (संगीति-सुत्त) ३४) दसुत्तर सुत्त ।

'दीघनिकाय- बुद्ध सं २५३३ (बि.सं. २०४६) मा ललितपुरका श्री उपासक दुण्डबहादुर वज्राचार्यद्वारा नेपालभाषामा (नेवारी) भाषा परिवर्तन गरी प्रकाशित गर्नुभएको कुरा स्मरणीय हुन आउँछ । अब माथि उल्लेख गरिएका ३४ वटा सूत्रहरूलाई संक्षिप्त रूपमा चिनारी-विवरण दिने तर्फ ध्यान दिइन दिऔं । ■

*क्रमश: ... ...*

## कस्तो यो मन

✍ श्रा. संघरक्षित, संघाराम

(१)

उफ् ! यो मन कहाँ कहाँ ।
बाँदर सरी कहिले रूखको हाँगा
त कहिले पुग्छन् फेदमा
बुद्ध वन्दना गर्छु, मन कोठामा
कोठामा पढ्न बस्छु, मन बगैंचामा ।

(२)

कतै आफू हिंडिरहेको हुन्छु
पाइला आफैंले चालिरहेकै हुन्छु
आँखाले स्पष्ट देखिरहेकै हुन्छु
तर, हाय् यो मन ! खै कहाँ ?
जलमा.., थलमा.., या आकाशमा.. ?

(३)

उफ् ! यो मन चिन्नै गाऱ्हो ।
राक्षस अनुहार झैं डरलाग्दो न हो
न त हो कोमल कपास सरी
सुगन्धित फूल झैं पो हो कि
न त हो विषालु काँडा सरी
न त हो तिमी-हामी झैं
न त हो कुरूप बाँदर सरी ।

(४)

मान्दैन यो मन एउटै काम गर्न
न त मान्छ एकै स्थानमा बस्न
मान्दैन कुनै किताव मात्र पढ्न
न त मान्छ कविता नै लेख्न
मान्दैन एकाग्र चित्तले बुद्धवन्दना गर्न
न त मान्छ राम्ररी मात्र धर्म बुझ्न
नै मान्छ पिँजडामा थुनिएर बस्न ।

(५)

मन त बन्धन मुक्त चरी सरी
स्वच्छन्द रूपले अनिश्चित भई
कहिले यता त कहिले उता
हिंड्दै, डुल्दै, उड्दै अनि बग्दै पुग्छ
आकाश, समुन्द्र अनि चन्द्रमा
उफ ! यो मन कस्तो न कस्तो ॥

"अप्रमादी (=होशियार) भई राम्ररी धर्माचरण गर्नेले यो लोक र परलोकमा पनि सुख पाउँछ ।" *स्थान: कपिलवस्तु; श्रोता: शुद्धोदन । (शुद्धोदन श्रोतापन्न हुँदा बुद्धले दिनुभएको उपदेश)*



Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

## पहिलो भाग, नल वर्ग,

### १. ओघतरण सुत्त (१.१.१.)

### तृष्णाको बाढीबाट पार लाग्नु

मैले यसरी सुनेको थिएँ– एक समय भगवान बुद्ध श्रावस्तीस्थित अनाथपिण्डक महाजनको जेतवन आराममा रहनु भएको थियो। त्यसबेला राती एउटा देवता जेतवन आराममा आफ्नो रश्मि फिजाउँदै आई भगवानलाई अभिवादन गरी एक छेउमा उभियो।

एक छेउमा उभिंदै त्यस देवताले भगवानलाई भन्न थाल्यो– "भगवान्! तपाईं (तृष्णा रूपी) बाढीबाट कसरी पार लाग्नु भयो ?★

आवुस ! म रूक्दै नरूकी विना कोशिसले बाढीबाट पार लागें।■

भगवान तपाईंले रूक्दै नरूकीकन कोशिस नै नगरिकन बाढीबाट कसरी पार तर्नुभयो ?

आवुस ! यदि कहिं रोकियो भने डुबी हाल्छ, यदि अति कोशिस गरें भने पनि आफैंलाई बगाइदिन्छ। आवुस ! यसरी नै मैले नरूकीकन र अति कोशिस नगरिकन बाढीबाट आफूलाई पार गरें।

देवता - अहो ! धेरै काल पछि मैले देखें

एक ब्राह्मणलाई, जसले निर्वाण प्राप्त गऱ्यो,
नरूकीकन, अति कोशिसमा नलागिकन

जसले संसारको तृष्णा●लाई पार गरिसक्यो। त्यस देवताले यसरी भन्यो। मेरो वचनलाई शास्ता (बुद्ध)ले स्वीकार गऱ्यो। तब त्यस देवताले शास्ताको स्वीकृतिलाई जानी भगवानलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तरध्यान भयो।

### २. निमोक्ख सुत्त (१.१.२.)

### मोक्ष

श्रावस्तीमा। त्यस देवताले भगवानलाई भन्यो– भगवान्! प्राणीहरूको निर्मोक्ष = प्रमोक्ष = विवेक▲लाई तपाईंले बुझ्नु हुन्छ ?

आवुस ! प्राणीहरूको निर्मोक्ष (आर्यमार्ग) = प्रमोक्ष (आर्यफल) = विवेक (निर्वाण) बारे मैले बुझेको छु।

भगवान्! तपाईंले प्राणीहरूको निर्मोक्ष = प्रमोक्ष = विवेकलाई कसरी बुझ्नु हुन्छ ?

तृष्णामूलक कर्म बन्धन नष्ट हुनु,
संज्ञा र विज्ञान पनि नाश हुनु
वेदनाहरू शान्त हुनु।

आवुस ! मैले प्राणीहरूको निर्मोक्ष, प्रमोक्ष र विवेकलाई यसरी बुझ्दछु वा जान्दछु।

### ३. उपनेय्य सुत्त (१.१.३)

### सांसारिक भोगको त्याग

त्यस देवताले भगवान समक्ष यो गाथा भन्यो–
जिन्दगी बितिरहेको छ, आयु थोरै छ;
बुढचाईंबाट बच्ने केही उपाय छैन।
मृत्युको यस भयलाई देखी बुझी;
सुख प्राप्त हुने पुण्य कार्यहरू गरौं।

भगवान्

जिन्दगी बितिरहेको छ, आयु थोरै छ;
बुढचाईंबाट बच्ने कुनै उपाय छैन।
मृत्युको यस भयलाई देखी,
शान्ति प्रेमीहरूले सांसारिक भोगलाई त्यागी दिनु।

---

★ बाढी चार प्रकारका छन्– काम (भौतिक सुख) बाढी, भव बाढी, मिथ्या दृष्टि बाढी र अविद्या बाढी। पाँच काम गुणहरू (रूप, शब्द, गन्ध, रस र स्पर्श) प्रति तृष्णा हुनुलाई काम बाढी भनिन्छ। रूप र अरूप प्रति तृष्णा हुनुलाई भव बाढी भनिन्छ। जुन बासट्ठीवटा मिथ्या धारणाहरू (दीघ निकाय र ब्रह्मजाल सूत्र हेर्नुस्) मिथ्या धारणाहरू छन्, तिनीहरूलाई दृष्टि बाढी भनिन्छ। चार आर्य सत्यको ज्ञान नहनुलाई अविद्या बाढी भनिन्छ।

■ बुद्ध धर्मले दुईवटा अतीलाई त्यागी मध्यम मार्ग अनुसार आचरण गर्ने शिक्षा दिन्छ। कहिं रोकियो भने काम भोगमा अल्मलिने डर हुन्छ र शरीरलाई पीडा दिई अति कोशिसमा लाग्यो भने आत्म पीडा जस्ता अन्ध तपस्यामा लागेको हुनेछ। तर बुद्धले यी दुबै अतीलाई त्यागी मध्यम मार्गद्वारा बुद्धत्त्व प्राप्त गर्नुभयो।

● रूपादि आलम्बनमा आसक्त हुनुलाई तृष्णा भनिन्छ।

▲ "सबैको अर्थ निर्वाण नै हो। निर्वाण प्राप्त गरी प्राणी निर्मुक्त, प्रमुक्त विवेकी हुन्छ। त्यसैले यहाँ निर्मोक्ष, प्रमोक्ष र विवेक एउटै अर्थ हो।" - अट्ठकथा



Downloaded from http://www.dhamma.digital

# मनन योग्य धम्मपद गाथा

✍ मुनीन्द्र बज्राचार्य

आजभन्दा २६०० वर्ष अगाडि भगवान बुद्धले मानव जातिको कल्याण गर्ने हेतुले केही महत्त्वपूर्ण सन्देशहरू दिनु भएको थियो । ती सन्देशहरू धम्मपद गाथाको रूपमा संकलित छन् । धम्मपद बौद्ध मूल ग्रन्थ त्रिपिटक मध्ये खुद्दक निकायको द्वितीय ग्रन्थको रूपमा छ । बुद्धका मूलभुत उपदेशहरू संग्रहित ग्रन्थ नै त्रिपिटक हुन् । त्रिपिटक अन्तर्गत सुत्त पिटक, विनय पिटक र अभिधम्म आउन्छन् । सुत्त पिटकका पाँच ग्रन्थहरूमा खुद्दक निकायमा पनि पन्ध्र ग्रन्थहरू समावेश छन् । यी सम्पूर्ण ग्रन्थहरूमा धम्मपद भनि २६ भागमा ४२३ गाथामा विभाजित श्लोकहरू आउँछन् । यी श्लोकहरू नै बुद्धको उपदेशको रूपमा धम्मपद गाथा भएको छ । यो भगवान बुद्धबाट आफू बुद्ध हुनु भएपछि धर्म देशना गरे देखिन महापरिनिर्वाण नहुन्जेलसम्म दिएका दिव्य सन्देशका संकलित अंशहरू हुन् । जसरी ईशाहीहरूको बाइबल, इस्लामीको कुरान, हिन्दूको वेद हो, त्यस्तै बौद्धहरूको धम्मपद गाथा हुन् । यी गाथाहरूमा धम्मपद गाथामा बुद्धले कल्पेका शील, समाधि, प्रज्ञा, निर्वाण, सुख-दुःख यावत कुराहरू अतिसयोत्ति ज्ञान गुणका कुराहरू समावेश छन् । अज्ञानी मनुष्यहरूले यसको पालना गर्नसके सत्यताको बाटोमा अगाडि बढ्न सक्षम हुनेछन् । यसको साराशंमा यसरी भावनारूपमा उद्दद गर्न सकिन्छ ।

भगवान बुद्धले सर्वप्रथम मनलाई महत्त्व दिएको छ । यो संसारमा मनबाट हुने कुशल र अकुशल कार्यले नै वयलका पांग्राहरू गुडेर आएझैं दुःखहरू अगाडि गुडेर आउँछन् । जस्तो मलाई गालि गऱ्यो, मेरो लग्यो, मैले केही गर्न सकेन जस्ता अचेतन मनले वैरभाव जन्माउँछ, यस्ताले सुखको बाटो पहिल्याउन सकिन्दैन । मनमा रीस, राग द्वेषहरू पैदा हुन्छ । प्रेम भाव विहीन हुन्छ । यी भव चक्रहरू सनातन धर्म हुन् । यसलाई बुझ्नु जरूरी छ ।

भगवान बुद्धले यसरी मार्ग प्रदर्शित गर्नु हुन्छ कि जो मान्छेले इन्द्रिय संयम गर्दछ, वीर्यवान हुन्छ, उसलाई कुनै किसिमको मारले हल्लाउन सकिन्दैन । इन्द्रिय दमन नगरी सत्य ज्ञानबाट टाढा-टाढा हुने र मनलाई स्वच्छ नराख्ने मान्छेले भिक्षुत्त्व ग्रहण गर्न सुहाउँदैन । यस्तै सारलाई असार, असारलाई सार भन्नेले सम्यक दृष्टि पाउन सकिन्दैन । यी मिथ्या दृष्टिको रूपमा मात्र हुन्छ । यसकारण मनुष्यमा शुद्ध चित्त हुनु पर्दछ । चित्त शुद्ध नहुनु भनेको नराम्रोसित छाना नछाएको घरबाट पानी चुहिए जस्तै हो । यसकारण यो संसारमा पुण्यवान मानिसको खाँचो छ । राग, द्वेष मोहलाई हटाई धर्म चित्त राख्नेलाई श्रमणत्त्व फल मिल्नेछ ।

अप्रमाद निर्वाणको बाटो हो, प्रमाद मृत्युको बाटो हो । प्रमादीहरू मरे झैं अप्रमादीहरू मर्दैनन् । मूर्खहरू प्रमादी हुन्छन् । विद्वतहरूले अप्रमादलाई साहुले धन सम्पत्तिलाई सुरक्षा गरे जस्तै सुरक्षा गर्छ । संसार विचित्रको छ । सुमार्गमा जाने चित्तहरूको पहिचान हुनु पर्दछ । संसारमा पंचकाम इन्द्रियरूपी बगैंचामा आशक्त हुने व्यक्तिलाई खोलाले बगाए झैं मृत्युले बगाउने छ । यस्ता तृष्णारूपी कामले कसैको भलो गर्दैन । मालीले सुगन्धित तथा राम्रा राम्रा फूल छानी छानी मालागासें झैं संसारका मानिसले पनि कुशल कर्म गर्नु पर्छ । तव त्यसलाई सबैले मान्दछ । यस्ता शीलवान र अप्रमादी चित्त भई क्लेशबाट मुक्त हुने व्यक्तिलाई कुनै पनि मारले पछचाउन सक्दैन ।

भगवान बुद्धले स्मरण गराउनु भएको छ अज्ञानतालाई ज्ञानले समेट्नु पर्दछ । असल मान्छेको सुसंगत गर्नुपर्छ । आफ्नो मूर्खतालाई आफैंले चिन्न सक्नु पर्दछ । खराव धर्मलाई छोडी असल धर्मलाई ग्रहण गर्नुपर्दछ । मनका सबै मैला फ्याँकि यसलाई परिशुद्ध गर्नसक्नु पर्दछ । अर्कालाई जित्नु भन्दा आफूलाई जित्न सक्नु महत्वपूर्ण छ । यस्तो अवस्थामा उत्तम धर्मलाई नजानेर सय वर्ष बाँच्नु भन्दा उत्तम धर्म जानेर एकै दिन जिउनु सर्वश्रेष्ठ छ । समय छोटो छ । यौवन अवस्थामा धन नकमाएर, ब्रह्मचर्य पालन नगरेर बस्ने व्यक्तिले माछा नभएको पोखरीमा सारसले सित्तैमा आफ्नो जीवन खेर फाले जस्तै हुनेछ । आफ्नो मालिक आफैं हो । आफूले उचित मार्ग पहिचान गरेमा मात्र उपदेश दिएको सार्थक हुनेछ । आफू को हुँ भन्ने ज्ञान आफूमा हुनु सर्वप्रथम आवश्यक भएको हुन्छ ।

भगवान बुद्धले स्मरण गराउनु भएको छ जसले बोध गर्छ, उसलेनै बुद्धत्त्व प्राप्त गर्दछ । बुद्ध भन्नु हुन्छ, कुनै पाप नगर्नु, पुण्य संचय गर्नु र आफ्नो चित्तलाई शुद्ध गर्ने जस्ता शिक्षा लिनु । जसले बुद्ध धर्म संघको शरणमा गई दुःख, दुःखको उत्पत्ति, दुःख निरोध र दुःख निरोधी आर्य अष्टांगिक मार्गलाई अनुशरण गर्छ, उसले बुद्धको ज्ञानलाई प्राप्त गर्दछ । उत्तम पुरुष बन्न सक्नेछ । निर्वाण मार्गमा गई परम सुख प्राप्त गर्न सक्नेछ । मानव जगतको कल्याण यसैबाट हुनेछ । आज संसारमा बौद्ध धर्मावलम्वीमात्र होइन सम्पूर्ण विश्वका मानव जातिले धम्मपदका गाथालाई जीवनोपयोगी गाथाको रूपमा अध्ययन गर्ने गरेको छ । धम्मपदको मनन गर्नु नै बुद्धको स्मरण गर्नु हो ।

**भवतु सब्ब मंगलं ।**



Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षामा कर्म विषयको चिन्तन

✍ अनोजा

अरू दर्शनहरूमा जस्तै बुद्ध दर्शनमा पनि कर्म र कर्मफलको धेरै महत्त्व दर्शाईएको पाइन्छ। बुद्धले कर्मको महत्त्वबारे बताउनु हुँदै अनेक प्रकारका सूत्र र उपदेशहरूमा दुःख उत्पत्तिको कारण नराम्रो कर्मको फल हो भन्नु भएको थियो । बुद्धले भन्नु भएको छ, आफूले गरेको कर्म फल भोग्न डराएर, आकाश, समुद्र, पर्वत र गुफा आदि जस्तो सुकै ठाउँमा लुकेर बसे तापनि त्यसबाट बच्न सकिंदैन । त्यस्तै मज्झिम निकाय चूल कम्म विभंग सूत्र र महा कम्म विभंग सूत्रमा पनि कर्म नै मानिसको नाथ, बन्धु र सुख दुःखको कारण भनी उल्लेख गरिएको पाइन्छ ।

एकदिन शुभ मानवक नाम गरेको ब्राह्मण आएर बुद्ध समक्ष प्रश्न गरेछ– "श्रमण ! मानिसको सुख दुःखको कारण के हो ? बुद्ध भन्नु हुन्छ, – "**कम्मस्सका मानव सत्ता, कम्म दायादा कम्मयोनी, कम्मबन्धु कम्मपटिसरणा, कम्मं सुत्ते विभजति यदिदं – हीनप्पणीताय'ति ।**" अर्थात् मानिस आफ्नो कर्मको अधिकारी हो, कर्म नै अंश भागी हो, कर्म नै योनी हो, कर्म नै बन्धु र कर्म नै सम्पूर्ण शरण, कर्मले नै सम्पूर्ण प्राणीहरूको श्रेष्ठता र हीनता दर्शाउँछ ।

अंगुत्तर निकायमा पनि कर्मको विषयमा यसरी उल्लेख गरिएको पाइन्छ, आफूले गरेर आएको कुशल र अकुशल कार्यको उत्तराधिकारी आफू स्वयं हुनेछ। आफ्ना आमा-बुबा, दाजु-भाई, दिदी-बहिनी, छोरा-छोरी, श्रीमान्-श्रीमती कोही हुन सक्दैन ।

सुत्तनिपात वासेट्ठ सुत्तमा उल्लेख छ, – "संसार कर्मबाट चलेको छ । चलिरहेको रथ या गाडाको चक्का गुडिरहे जस्तै प्रत्येक प्राणी आफ्नो कर्मको आधारमा चलेका छन् । राम्रो, नराम्रो धनी र गरीब आदि सबै आफ्नै कार्यद्वारा भइन्छ, जातले होइन ।

बुद्धले भन्नु हुन्छ,

**न जच्चा वसलो होति न जच्चा होति ब्राह्मणो**
**कम्मना वसलो होति कम्मना होति ब्राह्मणो**

अर्थात् जन्मले कोही चण्डाल हुँदैन, जन्मले कोही ब्राह्मण हुँदैन, कर्मले नै चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ ।

यसरी बुद्धले जातीय भेदभावलाई मान्नु भएको छैन । उहाँले चेतनालाई प्रमुख मान्नु हुन्छ । त्यसकारण उहाँ भन्नुहुन्छ, "**चेतनाहं भिक्खे कम्मं वदामि चेतयित्वा कम्मं करोति कायेन वाचाय मनसा**" ।

त्यसकारण सबैले एउटै किसिमको कार्य गरे पनि यदि त्यस कार्य विभिन्न चेतनाले गरिन्छ, (आफ्नो इच्छाले गरेको, आफ्नो स्वार्थको लागि गरेको, जबरजस्ती गराइएको, अरूले भन्ला भन्ने डरले गरिन्छ) भने त्यसको फल पनि विभिन्न प्रकारका नै हुन्छन् ।

उदाहरणको लागि अंगुलिमालले शिक्षा सिक्ने लोभमा परी आफ्नो गुरुको आज्ञा पालन गरी मानिसहरूको हत्या गर्दै हिंडेका थिए । उसले आफ्नो भित्री स्वइच्छाले मानिस मारेको होइन । फलस्वरूप उनीले १००० जना भन्दा बढी मानिस मारे तापनि बुद्धको उपदेशलाई छिटो बुझी आखिरमा उनले ज्ञानी बनी आफ्नो जीवनलाई सुमार्गमा डोऱ्याउन सफल भए ।

चूलमालुंक्य सुत्तमा उल्लेख भएको छ, – एकदिन सुभमाणवकले बुद्ध समक्ष गई प्रश्न गऱ्यो– मानिसहरू कुनै नीच स्वभावका हुन्छन् र कुनै उत्तम स्वभावका हुन्छन् । कसैको लामो आयु, कसैको छोटो आयु, कोही रोगी, कोही निरोगी, कोही धनी र कोही गरीब, कोही बुद्धिमान् र कोही अज्ञानी मूर्ख, कोही गोरो सुन्दर र कोही कालो कुरूप, कोही सम्पूर्ण अंग प्रत्यंगले परिपूर्ण छन् भने कोही अंग प्रत्यंग हीन छन् किन होला ?

बुद्ध भन्नुहुन्छ– मानिसहरू आ-आफ्नो कर्मको नाथ आफै भएकोले उनीहरूले आ-आफ्नो कर्म अनुसार फल भोग्नु पर्ने हुन्छ ।

यसरी निष्कर्षमा पुगी हामीले भन्न सक्छौं, आफ्नो जीवन सुखमय बनाउने मुख्य मार्ग नै स्वार्थ रहीत भावनाले आफ्नो र अरूको हीत हुने कार्यमा संधै अग्रसर रहनु हो । ■

**"अरूको दोष खोजी हिंड्नुभन्दा आफ्नै दोष खोज्नु उत्तम छ ।"** *स्थान: श्रावस्ती; श्रोता: पाठिक आजीवक*



Downloaded from http://www.dhamma.digital

# तपाईंकी पत्नी कस्तो चरित्रकी छिन् ?
## एकैछिन सोच्नुस् त !

✍ पन्ना खुसः, "छद्दु", स्वयम्भु

विवाह हुनु अगाडि हरेक युवतीको चाहना तथा आकांक्षा पूर्णतया स्वतन्त्र हुने गर्छ । आफ्ना आमा बुबा तथा दाजुभाई दिदी बहिनीहरूले पनि आफ्ना हरेक चाहना तथा आवश्यकताहरू पुरा गरिदेवस् र आफ्ना हरेक सानातिना कुराहरूमा ख्याल राखोस् भन्ने इच्छा राख्ने गर्छन् । उमेर पुगेपछि समाजको नियम अनुसार आफ्नो घर परिवारलाई त्यागी पराई घरलाई आफ्नो घर बनाउन बाध्य हुन्छे उनी । पराईघरलाई आफ्नो घर सम्झनु पर्दा शुरू शुरूमा उनीलाई अप्ठ्यारो र अनौठो लाग्नु त स्वभाविक नै भयो । किनभने त्यसबेला उनीले आफ्नो माइतीमा पाएका स्वतन्त्रताहरूलाई त्यस घरमा पुगी गुमाउनु पर्ने हुन्छ । त्यस घरमा उनीले कसैकी पत्नी, त कसैकी बुहारी र कसैकी भाउज्यूको रूपमा आफूलाई पेश गनुपर्ने हुन्छ । साँचो अर्थमा भन्ने हो भने उनीले आफूलाई रंगमंचमा उभाई विभिन्न भूमिका प्रस्तुत गर्नुपर्ने हुन्छ । यदि हरेक भूमिकालाई उनीले सफलतापूर्वक निभाउन सकेको खण्डमा बिना अवरोध उनको जीवन सफल हुनेछ । होइन भने उनीले आफ्नो जीवन मात्र होइन परिवार रूपी गाडी नै निष्क्रिय पारिदिनेछ । किनभने हरेक परिवारमा स्त्रीको प्रमुख भूमिका रहेको हुन्छ । परिवार रूपी गाडीको प्रमुख चालक नै स्त्री रहेको हुन्छ । त्यसकारण जुन परिवारमा स्त्री सभ्य, सुशील, शिक्षित र कर्त्तव्यपरायण हुन्छे, त्यस परिवार सुव्यवस्थित भई परिवारका सदस्यले सुख र शान्तिको वातावरणमा दिन बिताउन सक्नेछन् । फलस्वरूप त्यस परिवारका बालकहरू समेत सभ्य सुशील भई उनीहरूले आफ्नो भविष्य सपार्न सक्षम हुनेछन् । फलस्वरूप त्यस परिवारबाट समाजसेवी, देशसेवी, कर्त्तव्यनिष्ठ र कर्णधार बालक उत्पादन गर्न सक्नेछ । त्यसकारण नेपोलियनले भनेका थिए– "मलाई असल आमा देऊ, मैले एक असल राष्ट्र दिनेछु ।" यस उक्तिले पुष्टि गर्छ, एक बालकको बानी सुधार्ने कार्यमा एउटी आमाको प्रमुख भूमिका रहेको हुन्छ । कुनै पनि परिवारको बालकहरूको असभ्य स्वभावले त्यस घरकी आमाको अशिक्षित र नराम्रो स्वभावलाई प्रष्टाइरहेको हुन्छ । त्यसकारण हरेक महिलाले आमा बन्ने रहरमात्र पुऱ्याएर सन्तोष लिनु मूर्खतापूर्ण हुनेछ । उनको आमा बन्ने रहर त्यसबेला पूरा हुनेछ, जब उसले आफ्नो खराव, असभ्य र अशिक्षित आचरणलाई हटाई सभ्य, सुशील र कर्त्तव्यपरायण स्वभावले आफ्नो सन्तान माथि प्रभाव पारी सभ्य सन्तानको उत्पादन गर्न सक्नेछ । त्यसैले यसको लागि सर्वप्रथम समाजले महिलाहरूलाई शिक्षित बनाउन आवश्यक देखिन्छ । तर शिक्षा दिने भन्दैमा आजभोलिको स्कूल, क्याम्पस र विश्वविद्यालयमा दिइने शिक्षामा मात्र सीमित रहेर पुग्दैन । यसको साथसाथै बुद्धले दिनु भएको नैतिक शिक्षा पनि उनीहरूलाई सिकाउनु आवश्यक देखिन्छ ।

बुद्धकालमा अनाथपिण्डक नाम गरेको सेंठकी बुहारी थिइन् सुजाता । आफ्ना सासु-ससुरो, श्रीमान् र नोकर-चाकर प्रति कस्तो व्यवहार गर्नुपर्छ भन्ने ज्ञान नभएकी त्यस महिलाले उनीहरू माथि गरिएका असभ्य र दुर्व्यवहार देखि परिवार सबै असन्तुष्ट थिए । उनको कारणले एक शान्त परिवारमा अशान्ति छाएको थियो ।

एक सभ्य र शान्त परिवारलाई उजाड्ने र एक उजाडिएको परिवारलाई सुव्यवस्थित, शान्त र रमणीय पार्ने प्रमुख हात एक महिलामा रहेको हुन्छ । राम्रो मिजासले कुरा गर्न नजान्ने त्यस असभ्य महिलालाई शिक्षित पार्ने उद्देश्यले बुद्धले समाजमा पाइने ७ प्रकारका चरित्र भएका महिलाहरूको स्वभावलाई अगाडि राख्नु भएको थियो ।

**७ प्रकारका चरित्र भएका महिलाहरुः–**

**(१) वधक (हत्यारा) स्वभावकी पत्नी–**

यस्तो स्वभावकी स्त्री दुषित मनले ग्रसित हुन्छे । उनी आफ्ना सासु-ससुरो, श्रीमान्, छोरा-छोरीलाई आफूबाट पुऱ्याउनु पर्ने कर्त्तव्य देखि टाढा रही अल्छी हुन्छे । यस्ती स्त्रीले आफ्ना पतिलाई पुऱ्याउनु पर्ने कर्त्तव्य देखि टाढा रही पतिलाई हेंला गर्छिन् । त्यति मात्र होइन उनीले आफ्नी पति हुँदा हुँदै पनि अरू पुरुषहरू प्रति आँखा गाड्दै हिंड्छे । आफ्नो परिवारको जिम्मेवारी र मर्यादालाई पन्छाउँदै हिंड्ने यस्ती महिलालाई वधक समान भार्या वा

> **"युद्धमा हजारौं सैनिकहरूलाई जित्नेभन्दा आफैंलाई जित्ने व्यक्ति नै साँच्चैको विजयी हो ।"** *स्थान: जेतवन; श्रोता: अनत्थपुच्छक ब्राह्मण*



Downloaded from http://www.dhamma.digital

हत्यारा समानकी स्त्री भनिन्छ । यस्ती स्त्री भएको घरमा कहिले पनि शान्ति हुनेछैन ।

(२) **चोर समान पत्नी–**

यस्ती स्त्रीले आफ्नो श्रीमानले घाम, पानी नभनी रगत पसिना बगाई आफ्नो शिल्प, विद्या प्रयोगगरी कृषी आदि पेशाद्वारा कमाई ल्याएको धनलाई उपभोग गर्नुको साथै त्यसलाई संरक्षण, उन्नति नगरी हेलचेक्रचाई गर्दै खर्चालु बन्छे । आफ्नो नीजि स्वार्थको लागि उनले त्यस धन चोरी पनि गर्छे । त्यस्ती पत्नीलाई चोरनी समानकी पत्नी भन्ने गरिन्छ । त्यस्ती चोरनीको छोराछोरीले पनि आफ्नी आमाको चोर्ने प्रवृत्तीलाई छिट्टै नक्कल गर्न जान्ने हुन्छन् । यसरी त्यस्तो परिवारको श्रीमान् बन्ने व्यक्तिले कहिल्यै शान्तिको श्वास फेर्न पाउने छैन । त्यति मात्र होइन त्यस्तो परिवारबाट त्यस्तै चोर्ने प्रबृत्तिका चोर सन्तान उत्पाद हुने सम्भावना हुन्छ ।

(३) **मालिकनी समान पत्नी–**

यस्ती स्त्री घरका कामकाज गर्न अल्छी हुन्छे । सानातिना कामका लागि पनि नोकर चाकरको आशा राख्छे । उनको बोली वचन (मिजास) नरम हुनुको बदला कडा हुनेछ । झर्केर बोल्ने खालकी, मुखमुखे लाग्ने मुखाले र चण्ड स्वभावकी हुन्छे । आफ्नो पतिलाई चाहिने नचाहिने काम अऱ्हाउँदै हिंड्ने उनीले परिवारलाई उन्नति बनाउन उत्साहि पतिलाई समेत आफ्नो हैकममा राखी दबाउन खोज्छे । यस्ती महिलाकी श्रीमानले आफूलाई दबिएको महशूस गर्नुपर्ने हुनाले उनको मनले शान्ति पाउन सक्दैन । उनको सन्तानले पनि आफ्नी आमाको यस्तै असभ्य व्यवहार सिकी उनीहरू समाजका अप्रिय पात्र बन्न सक्ने सम्भावना हुन्छ । यस्ती स्त्रीलाई मालिकनी समान पत्नी भनिन्छ ।

(४) **माता समान पत्नी–**

हुनत माता भन्नाले सन्तानलाई जन्म दिने जन्मदाता भन्ने कुरो बुझिन्छ । तैपनि जो आफ्नो परिवारको सुख दुःखमा सधैं हितानुकम्पिनी हुन्छे, आमाले आफ्नो छोराछोरीलाई दया माया राखी हेर विचार पुऱ्याए जस्तै जसले आफ्नो श्रीमानलाई मैत्रीपूर्वक हेरविचार पुऱ्याउँछ, त्यस्ती स्त्रीलाई माता समान पत्नी भनिन्छ । यस्ती स्त्रीले आफ्ना पति प्रति वफादार बनी आफ्नो श्रीमानले कमाई ल्याएको धन सम्पत्तिको सुरक्षा, संरक्षण तथा उन्नति अभिबृद्धि गर्नका लागि टेवा पुऱ्याउँछ । आफ्नो श्रीमान् माथि आइपरेका जस्तो सुकै सुख-दुःखमा पनि विचलित नभई श्रीमान्लाई साथ दिने गर्छ । यस्तो आमाको गुण भएको श्रीमती पाउने श्रीमान्ले शान्त पूर्वक आफ्नो बाधाहरू हटाउन सक्षम हुनेछ ।

(५) **बहिनी समानकी पत्नी–**

आफ्ना दाजुभाई दिदी बहिनीमा जुन स्नेहले ठाउँ लिएको हुन्छ, त्यस्तै आफ्नो श्रीमान् प्रति आफ्नो दाजुलाई जस्तै आदर गौरव पूर्वक मान सम्मान राखी कुरा गर्ने र व्यवहार गर्ने स्त्रीलाई बहिनी समानकी पत्नी भनिन्छ । यस्ती स्त्रीले आफ्नो श्रीमान्लाई स्नेह पूर्वक दयामाया राखी व्यवहार गर्छ र आफ्नो पतिको र परिवारको हितको लागि आफ्नो जीवन समर्पण गर्छ ।

(६) **साथी समानकी पत्नी–**

धेरै समयपछि भेटिएको साथीलाई देखेपछि जसरी हर्षले प्रफुल्लित भई एक आपसमा सुख-दुःखका कुराहरू पोखिन्छन्, त्यस्तै साथी समानकी पत्नीले आफ्नो पतिको हरेक सुख-दुःखमा आफ्नै सुख-दुःख सम्झी सहभागी हुन्छे । आफ्नो पति र घर परिवारको जसरी हित हुने हो, त्यस कार्यमा उनी अग्रसर रहन्छिन् । शीलवती र पतिव्रता धर्मलाई उनीले गौरवपूर्वक र निश्वार्थ पूर्वक पालना गर्छिन् । यस्ती गृहलक्ष्मी भएको घर सुखी, स्वस्थ र सभ्य हुनेछ ।

(७) **दासी समानकी पत्नी–**

दासीको दर्जालाई समाजमा तल्लो तहको रूपमा राखिए पनि त्यस व्यक्तिहरूको हातको करामतद्वारा नै हाम्रो खेतवारी, घर-आँगन तथा अन्य कामकाजमा सक्रिय भूमिका निभाउँदै आएको हुन्छ । त्यस्तै दासी समानकी पत्नीले पनि आफ्ना पतिबाट जति अपहेलित र तिरस्कृत हुन परे पनि, कुटाई खान परे पनि आफ्नो पति प्रति रीस इवी नराखी पतिको जुत्ताको धुलो समान भई पति प्रति भक्तिभावका साथ आफ्नो जीवन समर्पण गर्छे । त्यस्ता स्त्रीलाई दासी समानको पत्नी भनिन्छ ।

यी सात प्रकारका पत्नीहरू मध्ये तिमी कुन प्रकारका पत्नी हौ ? भनी बुद्धले अनाथपिण्डककी बुहारी सुजातालाई प्रश्न गर्दा आफ्नो नराम्रो स्वभावहरू प्रति लज्जित भई आफ्नो भूल स्विकार गर्दै उनीले दासी समानकी पत्नी बन्न स्वीकारिन् ।

**"क्रोधलाई अक्रोधले, खराबलाई असलले, कंचुसलाई दानले र झूठोलाई सत्यले जित्नुपर्छ ।"** स्थान: जेतवन; श्रोता: मौद्गल्यायन


Downloaded from http://www.dhamma.digital

तर पारिवारिक प्रतिष्ठा, जिम्मेवारी र परिवारको भविष्य प्रति पत्नीको ठूलो देन रहेको हुनाले परिवारका सदस्यहरूको मेलमिलाप स्नेह, त्याग र बलिदानले बनेको शान्तिमय छहारीको रूपमा रहेको घर सृजना गर्नका लागि यी ७ प्रकारका स्त्रीहरू मध्ये माता समानकी पत्नी, बहिनी समानकी पत्नी र साथी समानकी पत्नी आदि यी तीन स्वभाव संलग्न भएकी स्त्रीलाई नै श्रेष्ठ मानिन्छ । यस्ता स्त्रीहरू भएको घरमा शारीरिक र मानसिक तनावबाट मुक्त भई स्वच्छ तथा सुखी जीवन जिउन मद्दत पुग्नेछ ।

*"वातावरण सुहाउँदो र परिस्थिति अनुकूलतालाई हेर्ने हो भने आजभोलिको समयमा दासी समानकी पत्नीलाई श्रेष्ठ र उत्तम भन्न अलि अप्ठचारो र अव्यवहारिक देखिन्छ । तैपनि यस लेखमा उल्लेखित घटनामा सुजाता नाम गरेकी अति प्रचण्ड र असभ्य स्वभावकी महिलाले आफ्नो नराम्रो स्वभावलाई राम्ररी बुझी आफ्नो भूललाई स्वीकार्न पुगेकी छिन् । त्यसैले उनीले आफ्नो पहिलाको नराम्रो कार्यहरूको लागि पश्चाताप गरी दासी समानकी पत्नी बन्न स्वीकारेकी होलिन् । होइन भने एउटी भलाद्मी सभ्य महिलामा त आमा समानकी पत्नी, साथी समानकी पत्नी र बहिनी समानकी पत्नीको गुणहरू समावेश हुनुनै अति उत्तम देखिन्छ ।*

*✍ सम्पादक"*

## सत संगत

**अनुवादकः सुगत सेवक**

बरू हुन्छ एक्लै बस्नु, नबस मूर्खसंग ॥धुन॥

साथी चाहिन्छ आफू भन्दा अशल, नभए आफू समान ।
नभए बरू गर धैर्य, नगर तर मूर्खसंग ॥१॥

राम्रो हुन्छ कुकर्म छोड, किनभने त्यस्को फलले ।
भोग्नु पर्छ फर्कि फर्कि, पश्चाताप लिई मनले ॥२॥

दाँतैमा छ सर्पको वीणा, बिच्छेदको पुच्छरमा वीष ।
झिंगाको वीष छ पुच्छरमा, मूर्खको त रौं रौं मा ॥३॥

★★★

नोटः नेपाल भाषाको यो गीत ज्ञानमालाको १२८ पृष्टमा छ ।

रचनाकारः **भिक्षु मेधंकर**

**NOT TO DO EVIL**
**पाप कर्म कहिल्यै नगर्नु**
**TO CULTIVATE MERIT**
**पुण्य गर्दै जानु**
**TO PURIFY ONE'S MIND.**
**आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु**
*- This is the teaching of the Buddha.*
*यहि नै बुद्धहरूको उपदेश हो ।*

## शील समाधि प्रज्ञा

**✍ सरोजमान उदास, पोखरा**

संसार भन्नु बन्धन नै हो
हुन्छ झूठो विधान ।
ईश्वर भन्नु सत्य नै हो
सत्य सेवा महान ॥

आउँछन् मानिस विना नाम
हुन्न धर्म र जात ।
बन्दछ उसको सब संस्कार
यसमा मानिसकै हात ॥

हुन्न भौतिक सम्पन्न र
भई ठूलो थर ।
हुन्छ चित्त राम्रो जहाँ
त्यो नै राम्रो घर ॥

तेरो मेरो छैन यहाँ
अनित्य सब संस्कार ।
श्वासको पन्छी उड्छ एकदिन
छोड्छ यो संसार ॥

तीन अकुशल बन्धन लगाउँ
राग, द्वेष, अभिमान ।
तीन कुशलताको बन्धन फुकाउँ
शील, समाधी, ज्ञान ॥

शील, समाधी, प्रज्ञा नै हो
बुद्ध धर्मको सार ।
गर्दछ जसले यसको अभ्यास
उसको जीवन पार ॥

**"तिमी आफ्नो मालिक आफैं छौं, अरू कोही तिम्रो मालिक (=भविष्य निर्माता) छैन ।"** *स्थानः जेतवन; श्रोताः कुमारकाश्यपको आमा*



Downloaded from http://www.dhamma.digital

# बौद्ध दृष्टिमा ब्राह्मणमत

लेखक: **थाइ-नरेश चुलालङ्करण**

अनुवादक: **भिक्षु धर्माराम (विपस्सी)**

अहिले देवमहानगर (बैंकक्) मा रहेका ब्राह्मणहरू भारतका ब्राह्मणहरू कै वंशज हुन् । पहिलेदेखी नै दक्षिणी थाइदेशको ठूलो शहर श्रीधर्मराजनगरको दुवैछेउको समुद्री तटमा जहाजयात्रीहरूको आवतजावत रहीआएको छ । त्यहाँ यताको किनारबाट श्रीधर्मराजनगर पुगिन्छ, पश्चिमको किनारबाट त्राङ्नगर हुँदै पसिन्छ । त्यसो हुनाले ब्राह्मणहरू श्रीधर्मराजनगरमा धेरै पसेका छन् । अनि त्यहाँबाट देवमहानगर (बैंकक्) मा उक्लेका हुन् । यसो गर्नु उत्तरतिर बाटो छेकेर बस्ने देवमहानगरका प्रतिपक्षी बर्मारामञ्ञ देशका सरहद नाघेर आउनुभन्दा तिनीहरूलाई सजिलो छ । त्यसो हुनाले अहिलेसम्म पनि श्रीधर्मराजनगरमा ब्राह्मणपत्तिको विश्वास र आस्था अटूट रहिआएको छ । त्यहाँ देवस्थान र पिङ् झुण्ड्याउने खम्भाहरू छन् जहाँ ब्राह्मणहरू अझै विधि गर्दछन् । त्यो तिनीहरू आफ्नो गच्छेअनुसार स्यानो खालको गर्छन् । जस्तै कि त्रीयम्पवाय विधि गर्दा पाटी एउटा झुण्ड्याइदियो, पुग्यो । देवमहानगरमा बस्न आएकाहरू पनि कयौं छन् । तिनमा अझै विदेशीको पाराले बोल्नेहरू छन् । जस्तै कि अहिलेका वरगुरु अष्टाचार्य पिताह्लुवङ् सुरि यादेवेशर । तिनका वेदमन्त्रका कुरामा पनि कुनै धेरै फरक छैन । बस अलिकति लय र उच्चारणमा रहेको फरक देवमहानगरका अन्य सदरमुकामका भिक्षुहरूका पाठ गर्दा जस्तै मात्र हो । यी ब्राह्मणहरू शायद श्रीधर्मराजनगर देखि लिएर दक्षिणका प्रायश: सदरमुकामहरूमा पाइन्छन् । बज्रपुरी नगरमा समेत धेरै पहिलेदेखि ब्राह्मणहरूको गाउँ छ ।

ब्राह्मणमत बहुईश्वरवादी हो । यसका अनुयायीहरू कोही विष्णुलाईभन्दा बढ्ता शिवलाई मान्दछन् त कोही शिवलाई भन्दा विष्णुलाई । कोही ब्राह्मणलाई मान्दछन् त कोही ब्रह्माको उल्लेख गर्दैनन् ।

म यहाँ ज्योतिषाचार्य ब्राह्मणहरूका मतको बारेमा मात्र उल्लेख गर्नेछु, जो त्रीयम्पवाय राजविधि गर्नेहरू हुन् । यिनीहरू थाईदेशमा शुभराज्याभिषेक आदि लगायत सबै राजविधिहरू गर्ने हुन् । यसमा हात्तिसँग सम्बन्धित विधि एउटा अपवाद हो जुनमा त्यसकै विशेषज्ञ ब्राह्मणहरू लगाइन्छन् । यी ज्योतिषाचार्य ब्राह्मणहरू विष्णुलाईभन्दा शिवलाई ठूलो मान्दछन् । शिवलाई यिनीहरू फिरंगीहरूका यहोवा अथवा मुसलमानहरूका अल्लाह जस्तै मान्दछन् । विष्णु त देवलोकमा नै अथवा मनुष्यलोकमा अवतार लिनजाने एउटा कर्मचारी मात्र हुन् रे । यिनी येशूख्रिष्ट अथवा मोहम्मद जस्तै हुन् । यिनी येशूख्रिष्टभन्दा फरक एउटा कुरामा छ, त्यो हो, अपराध गर्नेलाई यिनी अवतार लिइकन संहार गर्छन् । यिनी मोहम्मद जस्तै हुन्, जसले आफ्नो मत मान्न सबैजनालाई करकाप पार्छन् ।

यसबाट एउटा कुरो के देखिन्छ भने यी तीनैवटा मतहरूका मूलजरो एउटै हो । तर ब्राह्मणहरूको मत बाँकी अरू दुइटाभन्दा पुरानो हो । शायद मानिसहरू पहिलेदेखि नै यस्ता संसार सृष्टिकर्ता भएको मत मान्नेहरू भइसकेका थिए । मानिसहरू यस्तो विचार गर्छन् कि जुन कुरो आफै उत्पन्न हुनसक्दैन त्यसको निर्माता हुन्छ नै । मानिसहरूले आफ्ना सुकृत र दुष्कृतका फल पाउनलाई कोही न कोही पुरष्कार र दण्ड दिने व्यक्ति हुनैपर्छ । यस्तो कुरोमा एकमत भएपछि त्यस्तो शक्ति भएको व्यक्तिलाई आ-आफ्नो बोलचाली भाषाको चलन अनुसार शिव अथवा यहोवा अथवा अल्लाह भनियो ।

सबभन्दा पुरानो रहेको ब्राह्मण मतमा भनिएको छ कि शिवका सेवक विष्णु समय-समयमा अवतरण भइकन संसारलाई खतरा पुऱ्याउने व्यक्तिलाई दमन गर्छन् । जुनबेला उनलाई यस्तो विचार उत्पन्न हुन्छ कि अहिलेका मानिसहरूको आचरण ठीक छैन; अनि आफूलाई शिवका सेवक हुँ भन्ठान्ने उनी विष्णु अवतरण भएर मनुष्यहरूलाई अर्ति उपदेश दिन्छन् अथवा दमन गर्छन् । तर त्यो गर्न आउने तौरतरिका भने त्यो आफूलाई अवतार हुँ भन्ठान्ने अथवा असल र उचित लागेको कुरा पाउनका लागि (अभिष्ट सिद्धि) त्यसै अवतार लिएको हुँ भनी नक्कली दावी गर्ने व्यक्तिको स्वभाव र समार्थ्यमा भर पर्दछ ।



Downloaded from http://www.dhamma.digital

येशुखिष्टले आफू यहोवा अथवा शिवको पुत्र हुँ भनी फूर्ति गरे। उनमा शस्त्र-अस्त्रद्वारा मानिसहरूलाई दमन गर्ने समार्थ्य थिएन, वचन-बोलीले मात्र शिक्षा दिइरहे। अनि आफैंलाई खतरा वा आपत आइपर्दा क्रसमा झुण्डिइहाले। उनी पहिलेदेखि उदार व्यवहार गर्थे, त्यसअनुसार उनका अनुयायीहरूले येशुखिष्टले मानिसहरूका सत्ता पाप भोगेका हुन् भनी आफ्नो विश्वासअनुसार विचार कायम गरे।

येशूखिष्टको सिद्धान्त उत्तिको मन नपरेकाले त्यसमा परिवर्तन गर्न मोहम्मद तम्से। यसबाट यो कुरो स्पष्ट देख्न सकिन्छ कि येशुखिष्टले आफू यहोवा (=शिव) का पुत्र हुँ भनी फूर्ति गरेको अति भयो र विश्वसनीय छैन। उनले आफ्नो ढंगले व्यवहार गर्दा उनको आफ्नो ज्यानको समेत रक्षा भएन। त्यसो हुनाले मोहम्मदले शस्त्र-अस्त्रको बल लगाएर शक्तिद्वारा दमन गरिसकेपछि मात्र अर्तिउपदेश दिने विचार गरे। उनले आफू मानिसहरूलाई सिकाउन शक्ति र प्रेरणा पाएर अवतरण भएको अल्लाह (=शिव) का दूत मात्र हुँ भनी दावी गरे।

शिव अथवा यहोवाका अथवा अल्लाहका सेवा गर्ने हुँ भनी दावी गर्ने व्यक्तिप्रतिको मानिसहरूको विश्वासको कुरो पनि ब्राह्मणमतको शास्त्रको जस्तै हो, जुनमा भनिएको छ, शिवको सेवा गर्ने विष्णुले समय-समयमा अवतार लिए। यस्तो विश्वास अझै निर्मूल भइसकेको छैन। अहिले पनि मोहम्मदका भविष्यवाणी अनुसार अवतरण भएका भन्ने महत्त्वाकाँक्षी (=महती ?) छन्। उनी आफू पहिलेका जस्तै अवतार लिएको हुँ भनी बताउन खोज्छन्। तर दुर्भाग्यवश मानिसहरूको ज्ञानविज्ञान उन्नती भइसकेको समयमा परेकोले त्यसलाई विश्वास गर्नेहरू कोही भएनन्।

यसबाट हामी निश्चित भविष्यवाणी गर्न सक्छौं कि भविष्यमा गएर शिवले कसैलाई पनि अवतार लिन मनुष्यलोकमा पठाउने छैनन् होला। केही गरी आइहाले पनि त्यसलाई विश्वास गर्ने कोही हुँदैन होला।

यी तीनैवटा मतहरूलाई एउटै भनिए तापनि यिनमा समानता भनेको त्यही विचारको कोपिलामा मात्र छ। ईश्वरका पूजा-आराधना गर्ने तरिका र तिनका शानशौकत र आचरण भने सम्बन्धित देशमा बुझ्न सजिलो हुने किसिमले फरक-फरक छन्। तिनको बयान सम्बन्धित देशका निवासीहरूको बोलीचाली अनुसार अलंकृत र सम्पादित भएका छन्। संसार-सृष्टि सम्बन्धी धर्मशास्त्रहरूले आ-आफ्नै ढंगले भिन्नभिन्नै किसिमले ईश्वरले काम गरेको वर्णन गर्दछन्। गर्नैनहुने काम पनि गर्नपुगेको छ। छिटो गर्नुपर्ने काम ढीलो गरिएको छ। विस्तारै गर्नुपर्ने काममा हतार-हतार गर्नपुगेको छ। झमेला नहुने कामबाट पनि विभिन्न तालले झमेला पैदा गरिदिएका छन्। उपेक्षा गर्न (विमुख हुन) नहुने कुरामा पनि उपेक्षा गर्न पुगेको छ। कुनै कुराको उल्लेख गर्दा अनावश्यक रूपले लम्ब्याएको पनि छ। यसबारेमा मेरो आशय संक्षेपमा बताउनेछु–

पुराना जमानामा रचित जेजति पनि पुस्तकहरू छन्, तिनका रचयिताहरू ज्ञानविज्ञान थोरै हुनेहरू थिए। ती कुरामा उनीहरूले तुलना गरेर, प्रयोग गरेर, खोजीनीति गरेर हेर्नभ्याएका थिएनन्। असल बनाउनेछु भन्ने मात्र उद्देश्य लिएका थिए उनीहरूले। अनि आफूखुसी विभिन्न कुराहरू राखेर पुस्तक रचे। विचार गरीहेर्दा यस्तो देखिन्छ कि त्यसका पाठक र श्रोतालाई विश्वास गर्न लगाउन लोभ देखाएको रहेछ। अनिपछि त्यसका रचनाकारको उद्देश्यमुताविक असल मार्गको शिक्षामा विश्वास गर्नेछन्। त्यसै बिनाकारण झूटो बोलेको होइन। त्यसैले उनीहरूले यसमा कुनै दोष नभएको देखे होलान्। अनि आफूखुसी जथाभावी कुराहरू सम्पादन गरेर पुस्तक लेख्नपुगे। उनीहरूले यो कुरा बिचार गरेनन् कि भावी सन्ततीका ज्ञानविज्ञान बढ्नेछन् र उनीहरूले आफ्नो कुराहरूको विरोध गर्नेछन् अथवा कुनै शंका गर्नेछन्। पहिले-पहिलेका मानिसहरूका यस्ता विचारहरू सम्पूर्णरूपले अनुचित नै त होइन। किनकि त्यसबेलाका मानिसहरू ती पुस्तक रच्नेहरूभन्दा कम जानकारी हुनेहरू थिए। पुर्ख्यौली परम्परा अनुसार ती पुस्तकका कुराहरू सत्य हुन्, असल हुन् भनी विश्वास गर्नुपर्थ्यो। केहीगरी पछिका छोरानातिले थेर थोर सन्देह गरीहाले भने पनि ईश्वरका कर्म वा लीलालाई तुच्छ गरेको वा पारेको भन्ने ठूलो दोष लाग्थ्यो। तर जन्मेदेखि नै विश्वास गरीआएको हुनाले सन्देह नगर्नेहरू नै बढी हुन्थे। बाँकी थोरैले पनि धेरै संघर्ष गर्नुपर्थ्यो होला। चैनपूर्वक बस्न त पाउँदैनथे होला। त्यसो हुनाले ब्राह्मणका अथवा



Downloaded from http://www.dhamma.digital

यहोवाका अथवा अल्लाहका धर्मशास्त्रहरूमा अविश्वसनीय विचारहरू र कथाहरू रहेकाछन्।

यसपछि मैले भन्नलागेको कुरामा कतैकतै ईश्वर प्रति हाँसो उडाएको जस्तो देखिनेछ। तसर्थ त्यसभन्दा अगावै मेरो मुख्य उद्देश्य प्रस्ट्याउनेछु। मैले अगाडि ईश्वर छ वा छैन भनी जोरजुलुम गर्न तर्क पेश गर्न चाहेको होइन। यसबारेमा अब पटक्कै बोल्नेछैन। किनकि यसको लागि यो उपयुक्त अवस्था होइन। यदि केही भएर तिरस्कारबोधक शब्दको प्रयोग हुनगएमा पनि ईश्वर छ अथवा छैन भन्ने निर्णय गर्नतिर लाग्न खोजिएको होइन। मेरो आशय यतिमात्र हो कि ती धर्मशास्त्रहरूमा हेतुफल (तर्क) द्वारा निर्णय नहुने कुराहरू परेकोले आश्चर्य लागेको हो। त्यसले उपयोगी काममा लगाउनुको सत्ता समय बर्बाद गरेको देखिएकोले केही हाँसो उठेको हो। यति कुरा मनमा राखीसकेपछि तपाईं अब निम्नलिखित कुरा पढ्नुहोस्–

ईश्वरहरूका आचरण-व्यवहारका सम्बन्धमा जुन देशको निवासीबाट धर्मशास्त्र लेखिएको हो, ईश्वरले पनि त्यही चलन मुताबिक आचरण-व्यवहार गर्छन्, जुनकि माथि पनि भनिसकिएको छ। यो थाइदेशमा बस्ने शिव भारतीयहरू झैं व्यवहार गर्छन्। उनी माँस-भक्षण गर्दैनन्। उनी चिउरा, लावा, केरा, उखु, नरिवल, ताड, शकरकण्ड, दूध, घिउ आदि मन पराउँछन्। यो भारतमा ब्राह्मणहरूले खानेजस्तै नै हो। ज्योतिषाचार्य ब्राह्मणहरू विश्वास गर्छन् कि शिव गुणवान् हुन्। अर्थात् देव, मनुष्य, यक्ष, मार, सबैलाई बरदान दिने हुन्। कसैलाई पनि सजाँय गर्ने होइन। यदि केही भएर सजाँय गर्नैपर्ने स्थिति आएमा पनि उसलाई त्यसको कुनै याद रहन्दैन। जस्तै कि त्रिपुरासुर (=त्रिपुरां ?) लाई दमन गर्दा आदि। एकचोटी तीरले हानेर असफल भएपछि फेरि केही गर्ने उत्साह गरेनन्। विष्णुलाई नै पूरा जिम्मा दिइहाले। तुकी बाल्नु आदि जस्ता घरायसी काममा भएका सानातिना गल्तिहरूमा पनि बारबार गृहिणीहरूप्रति रीस पोख्ने गर्छन्। अनि एकचोटि त्यस्तै रीसले चूर भएर देवलोकबाट झरेर दु:ख भोगी रहन परोस् भनी श्राप दिए तापनि श्राप मुक्त हुने अवधि पनि बताइदिने दया गर्छन्। हनुमानका पत्नी बनोस् भनी बरदान दिन्छन्। रामलाई बाटो बताइदिने बनाइदिन्छन्। किनकि शिव सबैप्रति दयालु हुन्। उनी असल वा खराब व्यक्ति रोज्दैनन्, जो कसैले पूजा-आराधना गरेर जे मागे पनि पूरा गरिदिन्छन्। त्यसबाट पछि असल हुन्छ, वा खराब भन्ने कुरो त्यो बरदान पाउने व्यक्तिमा भर पर्दछ। किनकि उनी मूलत: संधै खुशी रहने हुन्। त्यसैले उनी गुणवान भनी भनिन्छन्।

विष्णुका लीलाबारेमा भनिएको छ कि सामान्य अवस्थामा उनी संधै क्षीरसागरमा सुति रहन्छन्। जब कुनै बेला शिवले काम लगाउन चाहन्छन्, वा लोकजनलाई दु:ख दिने व्यक्तिलाई दमन गर्न जानुपर्ने हुन्छ, अनि मात्र जाग्दछन्। तसर्थ विष्णु संहारकर्ता देवता हुन्, अन्ततः मंगलकार्यको लागि जगाउँदा पनि। जस्तै स्कन्ध कुमारको ब्रतवन्धमा, त्यहाँ यति चर्को विवाद गरे कि स्कन्ध कुमारको शिर नै हरायो। शिवले हात्तिको शिर जोडेर दुरूस्त पार्नुपरेको थियो। यसै कारणले भनिन्छ कि यिनी कहिले पनि कसैलाई कुनैप्रकारको बरदान दिदैनन्। यतिसम्म कि त्रीयम्पवाय राजविधि गर्दा चढाइएका खाद्यवस्तु (=प्रसाद) विषालु हुने डरले कहिले पनि यजमानलाई दिइदैन। कोही सज्जन भलादमीलाई पनि बाँडिदिन मिल्दैन। गरीब गुरुवाहरूलाई बाँड्न लगाउनुपर्छ। यस्तो विश्वास गरिन्छ कि दोश्रो महिना (=पौष) को कृष्णपक्षको पञ्चमी जुन कि विष्णु शयन गर्नजाने दिन हो, त्यो अवश्य पनि विषदिवस हुन्छ। आजको दिनमा प्रायश: शस्त्र-अस्त्र प्रहार गरी आपसमा धेरै झैझगडा हुने गर्दछ। कृष्णपक्षमा पर्नाले मानिसहरू पनि उत्तिको हेर्न जाँदैनन्। ब्राह्मणहरू साह्रै सतर्क रहनु पर्दछ। विष्णु यसरी संहारकर्ता हुनाले तेजवान् भन्ने नाम रहन गएको हो। यसले गुणवान्सँग जोडा बनाउँदछ।

महाबिघ्नेश्वर भन्ने स्कन्धकुमार हुन्, जसको शिर हात्तिको छ। उनी शिवजीका पुत्र हुन्। ब्राह्मणहरू यिनलाई यिनका आफ्नै ऋद्धि-सिद्धिले गर्दा पनि मान्दछन्। शिवजीलाई खुशी तुल्याउने बाटो खोल्न पनि मान्दछन्। त्यसैले यिनी पनि एउटा ईश्वर हुन्। त्यसो हुनाले राजधानी बैंकका लागि निर्मित भएका देवस्थानमा तीनवटा थानहरू छन्– एउटा शिवको, बीचको श्रीमहाबिघ्नेश्वरको र बाँकी एउटा विष्णुको। यहीं त्रीयम्पवाय विधि पनि गरिन्छ। ■

**"वैरले वैरभाव शान्त हुँदैन। मैत्रीले नै वैरभाव शान्त हुन्छ।"** *स्थान: जेतवन; श्रोता: काली यक्षणी*



Downloaded from http://www.dhamma.digital

# नेपाःया लुम्बिनी- बुद्ध जन्मभूमी

✍ सुवर्णमान तुलाधर

नेपाःया लुम्बिनी बुद्धजन्मभूमी खः धकाः भी हालाच्वना । तर थ्व खँ भीसं माःछि आशातीत रुपं च्वयाः नवाक्य मफुगुलिं विश्वयात नेपाल बुद्ध जन्मभूमीया रुपय् म्हसीक्य वियेत भी वाँलाक सफल जुये मफुनि । बुद्ध जन्मभूमी भारत खः धकाः भारतीय पत्र पत्रिका, सफू आदिया माध्यमं अप्वो प्रचार जुया च्वंगुलिं भारतयात हे बुद्ध जन्मभूमी रुपं वहुसंख्यक विदेशीतसें आःतक्कं नालाच्वन तिनि । थ्व खेदया खँ खः ।

बुद्धजन्मभूमीया खँय् भारतीय राजदूत के.भी. राजनजुं २५४१ औं बुद्धजयन्तिया लसताय् आनन्दकुटी विहारया ग्वसालय् जूगु बौद्ध सार्वजनिक सभाय् धया दिउगु दु "भगवान बुद्धया जन्म स्थल नेपालया लुम्बिनी खः धैगु तथ्ये छुं शंका मदु । भारतया गुगुं नं जिम्मेवार निकायं थुकी गुगुं प्रश्न तःगु मदु " । तर थ्व भी सकस्यां सिउगु खँ खःकि मनूतसें च्वया तःगु खँय् अप्व विश्वास याः । भारतया अल्याख पत्र पत्रिका, सफुतिं बुद्धजन्मस्थल भारत खः धकाः सत्य तथ्यया विरुद्ध विश्वब्यापि अपप्रचार जुया च्वःगु दु । खतु थ्व ज्या स्वार्थय् लिप्त छुं भारतीय तय् पाखें हे जुया च्वंगु खः ।

मेमेगु देशयापिन्सं प्रेसया माध्यमं सत्य तथ्यया विपरित बुद्धजन्मभूमीया खँय् अथे प्रचार यानातःगुयात विश्वास तल म्वाल का...........! तर प्रबुद्ध सःस्यूपिं नेपामीतेसं नं अथे प्रेसया माध्यमं यानाच्वंगु अपप्रचारय् मिखा तिसिना च्वन । उलिजक मखु नेपाली विद्यार्थीतयृत नापं अज्याःगु ब्वनेगु करंक्यंका च्वन, ब्वंके विया च्वन । पत्याः मजूसा भीगु त्रिभुवन विश्वविद्यालयया पाठ्यक्रमय् दुथ्याकातःगु वि. ए. अनिवार्य अंग्रेजीया छगू पाठ्यपुस्तक Enrich your English, Book II, Academic Skills यागु पृष्ठ ६९ पुइका दिसँ । थ्व सफू एस. आर. इन्थिरा व भि. सरस्वतीया संपाकदत्वय् सेण्ट्रल इन्स्टिच्यूट अफ इङलिस एण्ड फरेन लैंङ्गवेज, हैदरावादं पिथना तःगु खः । उकी चिकिचाधंगु संक्षिप्तिकरण अभ्यासया निंतिं प्रस्तुत जुया च्वंगु दोश्रो पाराय् थथे च्वया तःगु दु :-

"Gautam Buddha was born in Kapilbastu. It was a little kingdom. It was situated in North India. It was on the borders of Nepal."

बुद्धजन्मभूमी विषयय् च्वय् उदघृत जूथें ज्याःगु खँयात भीसँ प्रतिवाद मयाना, भुस्यो जुया, म्वाल धायेका ... ! तर अमिसं पिथंगु 'गौतम बुद्ध उत्तर भारतया कपिलवस्तुई बूगु ख ...' धका च्वयातःगु सफू हे भीसं थःगु पाठ्यक्रमय् दुथ्याकाः विद्यार्थीतय्त ब्वोंका च्वने बलय् अमित बुद्ध जन्मभूमी भारत खः धकाः स्यनेगु जू मवनीला ? थज्याःगु सफू भीगु पाठ्यक्रमय् दुथ्याके माःगु छु दु ? भी भारतीय भत्तु ज्वीत स्वयाच्वनागुया दसु ला थ्व मखुला ?

भारतयात सिद्धार्थ गौतम बुद्धया जन्मस्थलया रुपय् प्रस्तुत यायेत भारतीयतसें दुष्प्रयास यानाच्वंगु थज्याःगु खँ जिं प्रसंगवस छम्ह भारतीय विद्वानयात कनां उम्ह विद्वान महोदयं बुद्धजन्मभूमी भारत खः । अँ भारत, सतप्रतिशत भारत ..." धकाः का छक्क चायेक धाःगु ! अले जिं 'बुद्धजन्म जूगु लुम्बिनी मखुला ? लुम्बिनी नेपालय् लाः मखुला ? ' धकाः धयां उम्हं विद्वान महोदयं 'लुम्बिनी सिद्धार्थ जक बूगु खः । बुद्धगयाय् बोधिज्ञान लाये धुसेंलि तिनि सिद्धार्थ बुद्ध घोषित जूगु खः । बुद्ध गया भारतय् लाः । उकिं बुद्ध बूगु भारतय् हे खः । धकाः धाल ।

थुकथं सत्यतथ्ययात हित्तुहीकाः भारतीय तसें दुराशयं याना च्वंगु अपप्रचारयात दुरुत्साहित मयासें मगाःगु ई वयेधुंकल । बुद्धया जन्मभूमीया रुपय् नेपालयात विश्व-भरय् म्हसीक्य विई माःगु दु, च्वया खँय् जक विश्वास तइपिन्त च्वयाः माःसा च्वयाः जूसां । अस्तु !

"सँधै सबैले प्रशंसा गर्ने वा निन्दा गर्ने व्यक्ति पहिले पनि थिएन, आज पनि छैन, पछि पनि हुने छैन ।" *स्थान: जेतवन; श्रोता: अतुल उपासक*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-६

✍ प्रेमहिरा तुलाधर

प्रस्तुत लेख धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्रकाशन धर्मकीर्ति पत्रिकाया बर्ष १५ अंक १ स पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१ " धैगु च्वसुया खुगूगु ब्व खः । थुगु च्वसुइ धर्मकीर्ति पत्रिकाया बर्ष ६ ल्याः ६ स खनेदुपिं मिसा च्वमिपिनि बारे छुं खँ न्ह्यथने त्यना ।

६ भिक्षु अश्वघोष (सं) - धर्मकीर्ति, ६:६ ने.सं. १०९६ बु.सं. २५२१ बि.सं. २०३४ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहार, श्रीघः नघःटोल काठमाडौं ।

थुकथं दँय्दसं पिदना वयाच्वंगु धर्मकीर्ति पत्रिकाया खुगूगु ल्याःया दँ पतिइ पिलूवःपिं मिसा च्वमिपिं क्वय् न्ह्यथना कथं दु ।

| | |
|---|---|
| १. श्रेष्ठ, कमला | बुद्धया साधारण परिचय, पौ ५-७ |
| २. बनियाँ, रमा | सिद्धार्थ कुमारया पिहाँ वनेगु विचार पौ १३-१४ |
| ३. बनियाँ, रीना | बिवेक बुद्धि पौ १९-२० |
| ४. शाक्य, पद्म देवी | बुद्धया ब्यक्तित्व पौ २१-२२ |
| ५. अनगारिका, मागुणवती | न्याय पौ ३३-३४ |
| ६. शाक्य, नानी हेरा | बुद्धया मैत्री बल पौ ४२-४३ |
| ७. तुलाधर, लोचनतारा | बाखँ न्यनाया फाइदा पौ ४४ |

थुगु ल्याखय् मुक्कं याना २१ म्ह च्वमिपिनि च्वसु पिदंगु दु । थुकी न्हयम्ह मिसा च्वमिपिनि च्वसु जक दुथ्याःगु दु । उकिं धर्मकीर्ति पत्रिकाया दँ ६ ल्याः ६ स पिलूभाःपिं मिसा च्वमिपिं न्हापान्हापाया ल्याखय् स्वया आपालं म्ह जूगु खनेदु । न्हापान्हापाया ल्याखय् दुथ्यागु दक्को च्वसुया बच्छिं मयाक मिसा च्वमिपिनि च्वसु दइगु खः तर थ्व ल्याखय् मिसा च्वमिपिनि च्वसु स्वब्वय् छब्व जक दूगु खनेदु ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखय् दुथ्याःगु दकले न्हापांया च्वसु मय्जु कमला श्रेष्ठया "बुद्धया साधारण परिचय" खः । वय्कःया थुगु च्वसुइ वय्कः छम्ह हिन्दु जुया नं पासापिनिगु संगतय् लाना बौद्ध धर्मया शिक्षा विइगु थाय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिइ वयागु खँ न्ह्यथसें अध्ययन गोष्ठी वाः वाः पतिकं वया, थःथःगु ज्यां हे भीगु जीवनय् दुःख व सुख दइगु खः धयागु थःम्हं थुइकागु खँ नं कना दीगु दु । नापं भीसं विवेक विचार गाका थःगु कर्तब्य पालन याय सःसा जक मनूया मू दै धैगु बुद्धं कना विज्यागु खँ न्ह्यथसें बुद्ध जीवनी छत्वाःचा नं कना दिल ।

थथेहे मेम्ह मिसा च्वमि मय्जु रमा बनियाँ जुया "सिद्धार्थ कुमारया पिहाँ वनेगु विचार" धैगु च्वसुइ सिद्धार्थ कुमारं छाय् गृहत्याग यात धैगु खँ कना दिसे सिद्धार्थ कुमारया भविष्यवाणी याकूबले ज्योतिषि कौण्डन्यं थ्व मचा अवश्य नं सम्यक सम्बुद्ध जुइ धका धया बिज्यागु खँ न्ह्यथना दिल । कौण्डन्यया थज्यागु खँ न्यना सुद्धोदन महाराजां थःकाय् दरवारं पित मछ्वयत मयागु छुं उपाय मन्त तर छन्हु सिद्धार्थ कुमार चाह्यूवंबले बुढा, रोगी सीम्ह व भिक्षु खना दरबार त्वःता जक हे सासांरिक दुःखं मुक्त जुइ फइ, ज्ञानं लाभ यायफै ख्युँथाय् लाना च्वंपिन्त ज्ञानया मत च्याके फै स्वार्थी मनूतयत भिंगु लँ क्यने फै संसारय् च्वपिं मनूतय्त धात्थें गुण दुपिं मनू याय्गु इच्छा याना राज्य वैभब परिबार त्वःता वनेगु निर्णय याःगु खँ नं उल्लेख याना दीगु दु ।

अथेहे विवेक बुद्धि धैगु च्वसुइ मय्जु रीना बनियाँजु थःत ताःकथं विवेक बुद्धि धैगु खः कथं कल्पना याना स्वय्गु खःथें थ्वीका काय्गु, थाय् स्वया ज्या याय सैगु खँल्हाय सैगु खः । अले विवेक बुद्धि मदुम्हेसिके शंका इर्ष्या क्रोध लोभ अभिमान दै धैगु खँ न्ह्यथसेंलि विवेक बुद्धि मन्त कि मनूतयसं पाप क्वबुइ मालेयो धका बुद्धकालिन घटना अंगुलिमाल व राहुलया खँ उदाहरणया लागि न्ह्यब्वया दीगु दु । अन्ध गुरु भक्ति व विवेक बुद्धि मगागुलिं हे अंगुलिमालं मनू स्याःगु खः । अथेहे राहुल कुमार भिक्षु जुइ धुंका वया भिक्षु पासापिसं राहुलकुमार यात स्यंकेत भगवान बुद्धयात समेत पक्षपाति धका दोष विल । थथे याःगु नं राहुलकुमार प्रति इर्ष्या व इमिके विबेक बुद्धी मदुगुलिं खः । अले बुद्धया शिक्षा अनुसार करपिनिगु दोष मालेगु बानि त्वःता थःम्हं छु याना छु

"आफूलाई (पापकर्मबाट) सुरक्षित गर । एक क्षण पनि समय खेर नफाल ।" *स्थान: जेतवन; श्रोता: थुप्रै भिक्षुहरू*



Downloaded from http://www.dhamma.digital

मयाना धका थ्वीका कायूत विबेक बुद्धिमा: धैगु खँ नं भ्तीत लेखिका मय्जुं कनादीगु दु।

थुगु ल्या:या मेम्ह मिसा च्वमि मयूजु पद्म देवीं शाक्यजुया "बुद्धया व्यक्तित्व" धैगु च्वसुइ भ्मीसं बुद्ध जीवनी अध्ययन यायबले लौकीक व लौकोत्तर निगू कथं बुद्धया व्यक्तित्व खंकेफु धैदिसे वसपोल संसारे च्वना नं भ्यातनालं मथीक पलेस्वाँ ह्वय फुथें संसारया वातावरणय् भुले मजुसे च्वना विज्याय् फुगु, न्ह्याबलें होस तया च्वना विज्याय् फुगु, अभिमानयात क्वत्यला विज्याय् फुगु बुद्धया त:धंगु व्यक्तित्व ख: धयादिल। लिसें वहुजन हिताय, व वहुजन सुखायया सन्देश विया विज्याइम्ह बुद्धं सकल प्राणी प्रति करुणा व प्रज्ञां स्वया विज्याइगुलिं वसपोलया व्यक्तित्व न्ह्यावलें थिना च्वंगु दु धैदिसें गबलें अभिमानी व त:धंछु मजू धैगु प्रमाणित याय्त बाखँ नं न्ह्यथनादीगु दु।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखय् वर्माया मागुणवती गुरुमांया "न्याय" धैगु च्वसु नं दुथ्यागु दु। गुगु च्वसुइ वसपोलं बर्माया छपु बाखँ न्ह्यथना विज्यागु दु। उगु बाखनय् छम्ह जुजु देशय् न्यायपूर्वक राज्य जूला मजूला धका स्वयत छन्हु न्यायाधीसया छैं वना भ्ती सकलें प्यन्हुया पाहुना जक ख: ध्व संसारय् जिगु धैगु छुं मदु म्हिग: बौयागु कन्हे काययागु जुइगु ख: धका थुइका विल। नापं न्यायधीसं निसाफ याय मफुगु ज्यानमारा मुद्दाया निसाफ याना विल। अले दरबारे वना जुजुं म्हिग: जि गरीबम्ह पाखे थें च्वंम्हेसित पण्डित धका सम्मान याना न्याय पूर्वक कर्तव्य पालन या:गुलिं जि लयताया छन्त मुख्यम्ह न्यायाधीस यानागु जुल धका न्यायाधीसयात पौ नं छ्वया हल। थुकथं भ्ती सकस्यां नं न्याय पूर्वक थ:थ:गु कर्तव्य पालन यायमा: थथे यात धा:सा भ्तीसं गबलें दु:ख सी मखु धैगु वसपोलया विचा: ध्व बाखनय् पुष्टि जूगु दु।

"बुद्धया मैत्री बल" धैगु च्वसुइ मयजु नानीहेरा शाक्यजुं मैत्री वलं भ्ती सकलें देशं देशया विचय् जनतां जनताया विचय्, पासांपासाया विचय् शान्तीपूर्वक म्वाना च्वने फुगु दु, उकिं मैत्री धैगु शान्तीया पुसा ख:, शान्तीया वास: ख: शान्तीया ता:चा ख: धयादिसें बुद्धया मैत्रीबल ब:लागुलिं बुद्धया नां कायवं नुग: नायावं, बुद्धमुर्तिया न्ह्योने झीगु छचौं क्वछू धयादीगु दु। ब:लागुलिं वसपोलयात शत्रुतसें मारं छुं याय मफु धैदिसे भ्तीत नं शत्रुतसें मभिंकेत स्व:सां मैत्रीबल ब:लासा याउँक जीवन हनावने फैगुलिं सकसितं लेखिकाजुं मैत्रीबल ब:लाके मा:गु सल्लाह विया दीगु दु।

थुगु ल्याखय् दुथ्या:पिं मिसा च्वमिपिं मध्ये दकले लिपायाम्ह मयूजु लोचन तारा तुलाधर ख:। वयक:या "बाखँ न्यनाया फाइदा धैगु च्वसुइ वयकलं मचां निसें कया बुढाबुढि तय्त तक्कं न्यने यइगु वाखँया यक्को फाइदा दुगु खँ कनादिसें बाखँ छगू शिक्षा प्राप्तीया माध्यम ख:, धर्मया खँ थुइकेत मा:गु साधन ख: धैगु खँ न्ह्यथना दीगु दु। लिसें लेखिका मय्जुं बाखँ न्यना भ्तीसं थ:त जुया च्वंगु शंका निवारण याना दृष्टि नं तप्यंके फै धैगु विचा: नं व्यक्त याना दीगु दु। ■

## जीवन व्यथाहरू

✍ शैलेन्द्र शाक्य, ललितपुर-८

कति सुख सम्झन्थें यो जिन्दगीलाई,
तर दु:खै दु:खको खाडल पाएँ मैले यसलाई,
कति सुखका सपनाहरू देखें थें मैले,
तर दु:खै दु:खको रास विपनामा पाएँ मैले।

जन्मेपछि सबै प्राणी, मर्नैपर्ने एकदिन,
दु:खको गहिरो सागरमा पौडिनु पर्ने हर क्षण,
अन्याय यो कस्तो परमेश्वरको हामी दु:खी प्राणी माथि,
जानेबेला बाह्यलोकमा हुँदैन कुनै संगी-साथी।

बाँच्दा पनि दु:खै दु:ख, रोग व्याधि दु:ख कष्ट,
मन खिन्न सदा चिन्ता, लोभ तृष्णाले जीवन ग्रस्त,
के जिउने यस्तो जीवन, जीवनका व्यथाहरू बोकि,
मरेर पनि के गर्ने, विकासका पाइलाहरू रोकि,
मरेर पनि के गर्ने, मातृ भूमिको ऋृण ढोकी॥

**"मूर्खहरूसँग संगत गर्नुभन्दा एक्लै बस्नु जाति।"** *स्थान: पारिलेय्यक; श्रोता: थुप्रै भिक्षुहरू*



Downloaded from http://www.dhamma.digital

## उपेक्षा पारमिता

२०५५ श्रावण ९ गते। यस दिन भिक्षु अश्वघोष महास्थविरले दशपारमिता मध्येको अन्तिम "उपेक्षा पारमिताबारे प्रवचन दिनु हुँदै भन्नुभयो-" - उपेक्षा पारमिता चतुर्बह्म बिहार मध्ये एक हो भने सातवटा बोधि अंगहरू मध्ये पनि एक अंग हो। राम्रो, नराम्रो मन पर्ने, मन नपर्ने, सुख, दुख, जन्म, मृत्यु आदि कुनै पनि विषय बस्तु र घटना घटे पनि त्यसमा प्रतिकृया नजनाई तटस्थ भाव राख्नुलाई उपेक्षा भनिन्छ। उपेक्षा भाव राख्ने व्यक्तिलाई सुख भए पनि उ हर्ष विभोर हुँदैन, दुःख आपद आइपरे पनि उ आत्तिदैन। नराम्रो, मन नपर्ने दृष्यलाई उसले वास्ता राख्दैन। यस्ले उसको चित्तमा द्वेष उत्पन्न गर्न सक्दैन। आफूलाई मन पर्ने चीज बस्तु प्राप्त भएपनि उसले यस्तो फेरि प्राप्त होस् भन्ने राग पनि पैदा गर्दैन। नचाहिंदो गफमा उसले वास्ता राख्दैन। दुष्ट व्यक्तिको बीचमा बस्दा पनि त्यस व्यक्तिको अवगुणहरूलाई बिर्सेर केही मात्र गुणलाई भएपनि उसले सम्झेर बस्छ। बोधिसत्त्वहरूको यस्तै चरित्र हुन्छ। बुद्धको चित्तमा उहाँलाई मार्न खोज्ने देवदत्त र उहाँको पुत्र राहुलको बीचमा बराबर मात्रामा मैत्री चित्त रहेको देखिन्छ।

उपेक्षाभाव भएको व्यक्तिलाई लाभ, अलाभ, निन्दा प्रशंसा, यश, अयश र सुख दुख जस्ता अष्टलोक धर्मले कम्प गर्न सक्दैन। यसरी मानसिक सुख, शान्तिको लागि उपेक्षा पारमिता नभइनहुने गुण धर्म हो। विपश्यना ध्यान गुरु महासी सयादो र सत्यनारायण गोयंका पनि उपेक्षा भाव गुणले युक्त हुनु भएका महापुरुषहरू हुनुहुन्छ। तर हामी जस्ता साधारण गुण भएका व्यक्तिहरूले उपेक्षा भाव विषयमा जति अध्ययन गरेपनि यसलाई आफ्नो व्यवहारमा प्रयोग गर्न निकै गाऱ्हो हुँदोरहेछ। तैपनि सत्यतालाई बुझिसकेपछि जति गाऱ्हो भएपनि उत्साह पूर्वक त्यसलाई प्राप्त गरेरै छोड्नै हौसला र क्षमता सबैमा मिलोस्।"

श्यामलाल चित्रकारले रिपोर्ट लेख्नुभएको यस कक्षाको उद्घोषक ज्ञानेन्द्र महर्जन हुनुहुन्थ्यो।

## छलफल

२०५५ श्रावण ३० गते। यसदिन विमला शाक्यको सभापतित्वमा ध्रुव स्थापितले कार्यक्रम संचालन गर्नु भएको थियो। छलफलको रुपमा संचालित यस कक्षामा मदनरत्न मानन्धरले विभिन्न प्रश्नहरूको उत्तर दिनु भएको थियो।

छलफलको क्रममा पहिलो प्रश्न यसरी थियो।

**प्रश्नः (१) के बुद्ध हुनलाई पुरुष नै हुनुपर्छ ?**

उत्तरः बुद्धवंशको इतिहास हेर्ने हो भने २८ जवान तथागतहरू सबै पुरुषहरू नै हुन्। अहिलेसम्म महिलाहरू किन बुद्ध भएनन्, यो एक अन्वेषणको विषय हुन पुगेको छ। कुनै पनि प्राणी लोकमा उत्पन्न हुनका लागि कर्म चित्त, ऋतु, आहार आदि चार तत्वहरूको समावेश भएको हुन्छ। कर्मको साधारण अर्थ कार्य हो। कार्यको परिणामलाई कर्मफल भनिन्छ। राम्रो गरे राम्रै फल प्राप्त हुनेछ। नराम्रो कार्य गरे नराम्रै फल भोग्न पर्ने हुन्छ। मानिसको हरेक कर्म फल उसको राम्रो र नराम्रो चित्तमा भर परेको हुन्छ। सबैले आफ्नो कर्म अनुसार जीव धारण गरेको हुन्छ। त्यही कर्म अनुसार कहिले स्त्री त कहिले पुरुष भई जन्म लिने हुन्छ।

**प्रश्नः (२) – कीटपटंगहरूले कर्म बनाउँछ कि बनाउँदैन ?**

उत्तरः **"सब्बे भायन्ति मच्चुनो"**

सबै प्राणीहरू मरण भय देखेर डराउँछन्। तिनीहरू रिसाउँछन्, लोभ गर्छन्। यसरी सबै प्राणीले कर्म बनाउँछन्।

**प्रश्नः (३) – मरण देखि डराउनु पर्ने किन ?**

उत्तरः लोभ र मोहको कारणले गर्दा प्राणी मरण भय देखि डराउने गर्छन्। तर संसारको स्वभाव धर्मलाई बुझ्न सकेको खण्डमा मरण भय देखि डराउने छैन। धम्मपदमा भनिएको पनि छ, यस संसारलाई पानीको फोकाको रुपमा देख्ने व्यक्तिलाई मृत्युराजले देख्ने छैन। अनित्य, दुःख, अनात्मलाई



Downloaded from http://www.dhamma.digital

बुझ्ने व्यक्ति मृत्यु देखि डराउने छैन । जबसम्म मानिसमा प्रज्ञा हुँदैन तबसम्म उसमा प्रत्येक पलमा डराउने स्वभाव भइरहन्छ । सरल रुपले जीवन बिताउन सरल रुपले बाँच्न र मर्नको लागि प्रज्ञा सहित समय बिताउन सक्नुपर्छ । अनि मात्र मृत्यु भय देखि निर्भिक भई जीवन बिताउन सक्नेछ ।

**प्रश्न: (४) - प्रज्ञा कसरी बढाउने ?**

उत्तर: यथार्थ ज्ञानलाई यथार्थ रुपले बुझ्ने कार्यलाई प्रज्ञा भनिन्छ । प्रज्ञा तीन तहको हुन्छ-
(१) श्रुतमय प्रज्ञा (२) चिन्तनमय प्रज्ञा
(३) भावनामय प्रज्ञा

**प्रश्न: (५) - चतुआर्य सत्य भनेको के हो ?**

उत्तर: (१) दु:ख आर्यसत्य (२) दु:ख समुदय आर्यसत्य (३) दु:ख निरोध आर्यसत्य (४) दु:ख निरोधगामिनी प्रतिपदा आर्यसत्य । ■

## धर्मप्रति

✍ राजशाक्य, कालेबुंग

धर्म रहेछ परमोत्तम मित्र
कीर्ति सुफल सुगति दिने
मानसिक कायिक दुष्कर्म हटाई
सिकाउँछ सुपथमा अग्रसर हुने ॥१॥

कर्म प्रति जागरूकता बनाई
पवित्र जीवन जीउन सिकाउने
त्रिरत्न धर्म रहेछ सत्य
काया-वाणी चित्त शुद्ध बनाउने ॥२॥

लालसा जगको मोह मिथ्या
ईर्ष्या अहं क्रोध द्वेषता
शूल ब्याकुल सब हरण कर्ता
भद्र धर्म रहेछ मोक्ष दाता ॥३॥

कान लगाऔं सदा धर्म देशनामा
मनमा श्रद्धा दीप जलाई
नाश गर्न सकौं अज्ञानतालाई
अर्पण गरी तन-मन धर्मलाई ॥४॥

## शान्ति

✍ हरिकृष्ण श्रेष्ठ, धरान-१२

कति कडा हुन्छ यो मन
पिटिक्कै भाँच्नलाई
कति कडा हुन्छ शासन
सत्ता च्यूत हुनलाई ॥१॥

त्यसैले तेल सकेको दीयो
निभ्न कडा प्रकाश दिन्छ
यो थाहा पाएर पनि
मानिस किन पागल हुन्छ ॥२॥

हेर गौतम बुद्ध राजपरिवार भएपनि
कति शान्त कति शुशिल भए
लोभ, मोह, रिस, हिंसा विरूद्ध
सहनशील र ज्ञानी कर्मठ बने ॥३॥

यस्ता महापुरुष भगवान कहलाउँछ
सदा सदाको लागि अमर हुन्छ
यस्तो ज्ञान पाएर पनि मानिस
पापको भुमरीमा टड्पिरहन्छ ॥४॥

त्यसैले हे मानव हो
कसैको दिल नदुखाऊ
शान्तसंग काम लेऊ
शान्तिसंग बस्न प्रणय लेऊ ॥५॥


Downloaded from http://www.dhamma.digital

# भिक्षु व शान्ति

✍ भिक्षु सुशील, ध्यानकुटी

गृह त्यागी एकान्त विहारी
अनिन्दक निरहंकारी गुह्य ?
जगतया ल्वापुँ तापाना च्वंम्ह
शान्त विहारी भिक्षु थुम्ह ।

मनू खयां नं मनूया दुर्गुण
काम क्रोधं तापा:म्ह
निर्वाण मार्गय् उसि मचासें
बुलुहुँ बुलुहुँ न्ह्याचानाच्वंम्ह ।

उद्देश्य थ:गु पूवंके निंतिं
शील सदाचारय् दनाच्वंम्ह
भावित चित्तं भावना यायां
प्रज्ञा ज्ञान लुइकूम्ह ।

काम भोगया अन्ध जगतय्
ख: छम्ह व मुक्त चिलाख
कामया तम ध्वस्त याना वं
हवलाच्वंगु दु शान्ति-सुवास ।

चिन्तन साधन भाव ध्यान तप
दयेवं सम्पत्ति थुपिं फुकं
थुइका लौकिक सम्पत्तिया दुर्गण
याउँक ब्याग्लं च्वनाच्वंम्ह ।

भय, त्रास व काम पिपासं
लित्तुलिइका च्वंपिन्त
सन्देश थुलि हे जक ख: वैगु
ग्या:सा न्ह्लं चायेकी न्हां !

प्यख्येरं ग्यानापु तुना नं वनेफु
खयुँसे च्वं थन अन्धकार
ज्ञानया मत छ्प्वा: मच्यायेवं
जीवनय् न्ह्याबलें हाहाकार ।

छखे दु विभत्स भयानक लोभ
मेखेर दृष्टिया अन्धार
सत्य मार्ग लुइव जीवन
कञ्चन कण-कण जवाकुसुम ।

मान अपमान निन्दा प्रशंसां
याउँक लिचिला च्वंच्वंम्ह
शान्ति मार्गया वाँय् ब्वयेका
शान्तं जीवन हनाच्वंम्ह ।

जगतया छुच्चागु भेद स्वभावं
झं झं ताप्पाना वनाच्वंम्ह
भेदभावं ताप्पागुलिं हे
शान्तिया तेजं थिनाच्वंम्ह ।

गनं मदिसें न्ह्यानांच्वनेगु
थ्यनेवं जक झासुलनेगु
ख; वया ख: छ्ता हे आज्जु
शान्ति सुख निर्वाण !

थुगु लँपुई वये न्ह्या:पिन्त
न्ह्याब्लें न्ह्याबलें स्वागत दु
चक्कंगु नगुलं धयाच्वंच्वं वं
शान्ति थन दु–मेथाय् मदु ।



Downloaded from http://www.dhamma.digital

### आषाढ पूर्णिमा महोत्सव

२०५५ आषाढ २५ गते, स्थान- पोखरा। भिक्षु, गुरुमांहरू, लामाहरू लगायत श्रद्धालु उपासक उपासिकाहरू सहित बौद्ध झण्डा र व्यानरहरू, विभिन्न चित्रहरू अंकित भएको पोष्टर तथा बाजा गाजाको साथ धर्मशीला बुद्धविहार नदिपुरमा उपस्थित भई विहान ६ बजे पंक्तिवद्ध भई शान्तियात्राको आयोजना गरिएको समाचार छ। सद्धर्म सभा धर्म संघ बुद्ध विहार पोखराको आयोजनामा संचालित उक्त शान्ति यात्रा मैत्री चैत्य, नारायण स्थान, धर्म चक्र विपश्य विहार, माटेपानी, अर्धौसदन रामघाट, तिब्बती गुम्बा पृथ्वी चोक, धर्मसंघ बुद्धविहार, मोहरिया टोल पोखरा, दीप गुम्बा हुँदै शाक्य समाज भवन नदिपुरमा आइ आमसभामा परिवर्तन भएको थियो। सद्धर्म सभाका सचिव श्री कुलामान बुद्धाचार्यले स्वागत मन्तव्य दिनुभएको उक्त सभामा श्रद्धेय भिक्षु श्रद्धानन्दले आषाढ पूर्णिमाको ५ संयोग बारे प्रकाश पार्नु भएको थियो।

यस पूण्य दिनको अवसरमा श्रद्धालु उपासक उपासिकाहरूले शाक्य समाज भवनलाई आवश्यक सामानहरू (११ वटा ट्यूवलाइटहरू, ११ वटा शिलिङ्ग पंखाहरू, ३ वटा भित्ते घडीहरू र २ वटा सो लायम्पहरू) दान दिने कार्य पनि सम्पन्न भएको थियो। यी सामानहरू दान दिनुहुने संघ र उपासक उपासिकाहरूको नामावली यसरी थियो - (१) महिला उपासिका संघ (२) श्रीमती सरस्वती बुद्धाचार्य (३) श्री सरोज शाक्य (४) श्री राम शाक्य (५) श्रीमान / श्रीमती चन्द्रमान बज्राचार्य (६) श्रीमती सन्त कुमारी बुद्धाचार्य (७) श्री श्याम शाक्य (८) श्रीमती मंगला देवी बज्राचार्य (९) श्रीमती पंचलक्ष्मी बुद्धाचार्य (१०) श्रीमती चन्द्रलक्ष्मी बुद्धाचार्य (११) श्रीमती सुन पुतली (१२) श्रीमान/श्रीमती हीरा रत्न ताम्राकार (१३) सुश्री शान्त लक्ष्मी बुद्धाचार्य (१४) सुश्री बद्रीमाया शाक्य (१५) श्रीमती सन्त देवी बुद्धाचार्य (१६) श्री तेजेन्द्र शाक्य आदि।

### पुरस्कार वितरण

**स्थानः धर्मकीर्ति विहार,** २०५५ श्रावण २३ गते। धर्मकीर्ति विहारमा २०५५ ज्येष्ठ २ गते देखि १ महिना सम्म धम्मवती गुरुमाँद्वारा अभिधर्म नौवटा कण्ड सहितको कक्षा संचालन गर्नुभई परिक्षा लिनु भएको थियो। सो कक्षामा सहभागी विद्यार्थीहरू मध्ये परिक्षामा उत्तीर्ण भएका जम्मा ३४ जवान विद्यार्थीहरूलाई धम्मवती गुरुमाँको तर्फबाट पुरस्कार वितरण गरिएको थियो।

*परिक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूको नामावली:*

| | |
|---|---|
| १. वीर्यवती | १८. रमा कंसाकार |
| २. तारा डंगोल | १९. अनीता महर्जन |
| ३. रामेश्वरी डंगोल | २०. सावित्री चित्रकार |
| ४. श्यामलाल चित्रकार | २१. ताराशोभा स्थापित |
| ५. उमा मानन्धर | २२. सूर्यलक्ष्मी सिं |
| ६. सुनीता बज्राचार्य | २३. प्रमीला कंसाकार |
| ७. शान्ती महर्जन | २४. जुनेली तुलाधर |
| ८. रीना तुलाधर | २५. ऐश्वर्य लक्ष्मी ताम्राकार |
| ९. नीलशोभा ताम्राकार | २६. पद्मा श्रेष्ठ |
| १०. रोशनी तुलाधर | २७. सुजन महर्जन |
| ११. लोचनतारा तुलाधर | २८. सहना मानन्धर |
| १२. मीनशोभा शाक्य | २९. सुभद्रा चित्रकार |
| १३. नीता केशरी | ३०. चम्पा तुलाधर |
| १४. अमृतशोभा शाक्य | ३१. चित्रा ताम्राकार |
| १५. मिनरावती तुलाधर | ३२. रूपशोभा तुलाधर |
| १६. गीता सिंह | ३३. प्रेमकाजी वानिया |
| १७. रीता डंगोल | ३४. सुशीला ताम्राकार |

### शिलान्यास

स्थानः काठमाडौं-२१ वडा, पद्म सुगन्ध विहार। २०५५ श्रावण ३० गते। पद्म सुगन्ध विहारको पूर्वपट्टीको विहार भत्काई पश्चिम पट्टीको विहारमा जोड्नका लागि नयाँ भवन बनाउन भिक्षु महासंघद्वारा परित्राण पाठ गरिएको समाचार छ। का.म.न.पा.का प्रमुख श्री केशव स्थापितज्यूद्वारा शिलान्यास गरिएको सो नयाँ भवन निर्माणका लागि मेयरज्यूले का.म.न.पा.को तर्फबाट रू. ८ लाख सहयोग स्वरूप प्रदान गरिने भए पनि हालको लागि रू. ४ लाख प्रदान भैसकेको समाचारमा उल्लेख छ। बाँकी रू. ४ लाख पछि प्रदान गरिने कुरा पनि थाहा भएको छ। करीव रू. १३ लाख रकम लागत लाग्ने उक्त भवनका लागि नपुग उपासक उपासिकाहरूले



Downloaded from http://www.dhamma.digital

ब्यहोर्ने बारे सचिव कुंजबहादुर सिंहले जानकारी दिनुभएको थियो ।

भिक्षु सुमेधसमक्ष शील प्रार्थना, बुद्ध पूजा कार्यक्रम संचालन गरिएको उक्त कार्यक्रममा सांसद श्री कृष्णगोपाल, २१ वडाका अध्यक्ष श्री विद्यासुन्दर शाक्य, २३ वडाका अध्यक्ष श्री पवित्र बज्राचार्य, अमृतलाल रंजितले आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको थियो भने इन्जिनियर मनराजा रंजितले प्राविधिक सल्लाह दिनुका साथै उद्घोषक श्री सुवर्ण शाक्यले स्वागत भाषण गर्नुभएको थियो ।

**बुद्ध जयन्ति समारोह समिति बनेपालाई आर्थिक सहयोग**

बनेपामा प्रत्येक वर्ष मनाउँदै आइरहेको भगवान बुद्धको जन्म, बोधिज्ञान प्राप्त र महापरिनिर्वाणको पुनीत वैशाख पूर्णिमाको दिनमा स्थानीय नगर उपासक उपासिका र संघ संस्थाबाट सहयोग लिई २०१३ साल देखि बनेपा स्थित कोबाहाल सुदर्शन विहार स्थानबाट शान्तिका अग्रदूत भगवान बुद्धको प्रतिमा रथमा सजिसजावट गरी स्थानीय बाजा-गाजा सहित उपासक-उपासिका धर्म प्रेमी श्रद्धालु महानुभावहरूको सहभागितामा बनेपा नगर परिक्रमा गरी पालैपालो गरी एक-एकवटा विहारमा वर्षको एकपल्ट गई सार्वजनिक सभा लगाएत श्रद्धेय भिक्षुगणद्वारा धर्म देशना कार्यक्रमहरू संचालन भई आएकोमा यस कार्यक्रमलाई उत्तरोत्तर बृद्धी गर्दै भव्यताका साथमा संचालन गर्ने उद्देश्य लिई यस बुद्ध जयन्ती समारोह समितिको सकृयतामा उपासक-उपासिका, संघ संस्थाबाट रू. ४५,०००/– र बनेपा नगरपालिकाबाट प्राप्त रू. ७५,०००/– गरी जम्मा रू. १,२०,०००/– (एकलाख बीस हजार) बुद्ध जयन्ती समारोह समिति बनेपा अक्षयकोष (मु.हि.नं. ६१/२२०) मा जम्मा भएको समाचार प्राप्त भएको छ ।

समाचारमा उक्त कोषको लागि श्रद्धादान दिई सहयोग गर्ने दाताहरूलाई समितिको तर्फबाट कृतज्ञताका साथमा हार्दिक धन्यवाद ब्यक्त गरिएको छ ।

**बौद्ध जागरण गुम्बा पूजा**

ज्ञानमाला भजन खलः स्वयम्भू, काठमाडौंको आयोजनामा चारौं पटकको गुम्बा विहार पूजा संचालन भइरहेको समाचार छ । बौद्ध जागरणको लागि भजनको माध्यमबाट बुद्ध शिक्षालाई धर्म प्रेमीहरूको घरको दैलो दैलोमा पुगी धर्म प्रचार प्रसार गर्ने उद्देश्यले भजन खलःका सदस्यहरूले तीनपटकसम्म "बाहाःपूजा" संचालन गरिसकेको जानकारी हुन आएको छ । हाल चारौं पटकमा संचालन भइरहेको "गुम्बा विहार पूजा" को कार्यक्रम यस प्रकार रहेको देखिन्छ ।

*प्रत्येक महिनाको दोश्रो हप्ताको शानिवारका दिन सम्पन्न हुने पूजाको कार्यक्रम*

| क्र.सं. | महिना | गते | गुम्बा पूजा गरिने स्थान | जलपानका लागि रोकिने स्थान |
|---|---|---|---|---|
| १. | ज्येष्ठ | ९ | आदिपद्म गुम्बा, भक्तपुर | कमल विनायक |
| २. | असार | १३ | शिक्षण गुम्बा, खास्ति | खास्ति |
| ३. | श्रावण | ९ | किन्डोल गुम्बा, किन्डोल | किन्डोल |
| ४. | भाद्र | १३ | फंपि गुम्बा, फंपि | फंपि बजार |
| ५. | आश्विन | १० | नागी गुम्बा, बुढानिलकण्ठ | बुढानिलकण्ठ |
| ६. | कार्तिक | १४ | चोभार गुम्बा, चोभार | दानगाः |
| ७. | मंसिर | १२ | छोकुडोल गुम्बा, छोकुडोल | स्वयम्भू, चक्रपथ |
| ८. | पौष | ११ | नमोबुद्ध गुम्बा, नमोबुद्ध | बनेपा |

हालसम्म आश्विन १० गते नागी गुम्बा बुढानिलकण्ठमा पूजा कार्यक्रम सम्पन्न भैसकेको छ ।

**अमृतानन्द प्रतिमा अनावरण**

स्थानः आनन्दकुटी विहार । आनन्दकुटी विहार गुठी, आनन्दकुटी दायक सभाको आयोजनामा २०५५ भाद्र २१ गतेका दिन दिवंगत श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरको आठौं वार्षिक पूण्य स्मृतिमा संघदान गरी भिक्षु अमृतानन्द प्रतिमा अनावरण गरिएको समाचार प्राप्त भएको छ ।

प्रतिमा अनावरण पश्चात् उपस्थित महानुभावहरूबाट दिवंगत भिक्षु अमृतानन्द प्रतिमामा श्रद्धाञ्जलि अर्पण गरी विभिन्न महानुभावहरूबाट आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको थियो । साथै उक्त समारोहमा संघ भोजन दान गरी पुण्यानुमोदन र उपस्थित सबै उपासक-उपासिकाहरूलाई भोजन प्रदान गरी कार्यक्रम सम्पन्न गरिएको थियो ।

संघनायक भिक्षु अनिरुद्ध महास्थविरद्वारा अमृतानन्द प्रतिमा अनावरण गर्नुभएको उक्त कार्यक्रममा आनन्दकुटी विहार गुठीका उपाध्यक्ष न्हुच्छे वहादुर बज्राचार्यले स्वागत भाषण गर्नुहुँदै बुद्ध धर्म प्रचार कार्यमा भिक्षु अमृतानन्द महास्थविरको महान देन बारे चर्चा गर्नु भएको थियो ।


Downloaded from http://www.dhamma.digital

भिक्षु अश्वघोषले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो- "यस आनन्दकुटी रूपी बृक्षलाई पूज्य भिक्षु धर्मालोक महास्थविरले वृक्षारोपण गर्नु भएको थियो भने यसलाई पूज्य भिक्षु अमृतानन्द महास्थविरले आवश्यक मलजल दिई हुर्काउनु भए अनुसार फल फलेको हो। यही आनन्दकुटी विहारलाई संरक्षण गर्नका लागि आनन्दकुटी विहार गुठी स्थापना गरिएको हो।

यसै क्रममा फणिन्द्ररत्न बज्राचार्यले भिक्षु अमृतानन्दको प्रभावशाली, संयमित व्यक्तित्त्व र प्रचार शैलीबारे विस्तृत रूपमा मन्तव्य व्यक्त गर्नुभयो।

उक्त अवसरमा भूतपूर्व मंत्री भुवनलाल प्रधानले भिक्षु अमृतानन्दको जीवनी बारे सारगर्भित मन्तब्य दिनु भएको थियो।

त्यस्तै भिक्षु संघका अध्यक्ष भिक्षु कुमार काश्यपले उहाँले आनन्दकुटी विहारमा भिक्षु अमृतानन्दसंग सबभन्दा बढि समय (४०) वर्ष) विताउनु भएको चर्चा गर्नु भयो।

अन्त्यमा गुठीका सचिव भिक्षु धर्ममूर्तिले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गरिएको थियो।

**प्रेरणा पुरस्कार वितरण**

स्थान: सिद्धि मंगल बुद्ध विहार। २०५५ भाद्र २० गते। सिद्धि मंगल बुद्ध विहार परिवारको आयोजनामा आयोजित सिद्धि मंगल बुद्ध विहार परियत्ति केन्द्रको तर्फबाट बौद्ध परियत्ति शिक्षा परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई पहिलो प्रेरणा पुरस्कार वितरण समारोह सम्पन्न भएको समाचार प्राप्त भएको छ।

**जंको**

थाय्: श्री सुमंगल विहार, ललितपुर। २०५५ भाद्र ६ गते। सुमंगल बौद्ध संघया अध्यक्ष गुणराज शाक्यया ७८ दँ बुदिँया लसताय् न्हापांगु जंकोया उपलक्षे सुमंगल बौद्ध संघ पाखें भिक्षु संघयात भोजन दान या:गु दु। बुद्ध पूजा याना न्ह्याकूगु उगु कार्यक्रमे सुमंगल बौद्ध संघया उपाध्यक्ष श्री भीम शाक्यं श्री गुणराज शाक्ययात दोशल्ला न्येका: हंगु ख:। अथेहे उपाशक गणेश शाक्य व कोषाध्यक्ष नातीकाजी शाक्यं खाता प्रदान यानादिल। उप-सचिव महेन्द्ररत्न शाक्यं वसपोलया जीवनी व देनया बारे वर्णन याना: सुस्वास्थ्य वा दीर्घायु कामना यानादिल सा उपाशक प्रेमबहादुर शाक्य व उपाशिका इन्दिरा शोभापिन्सं शुभकामना देछाना दिल। ■

## उक्तिहरू

- **"सँधै मन नै अगाडि जान्छ। त्यसैले मन नै मुखय हो।"** *स्थान: श्रावस्ती; श्रोता: चक्षुपाल भिक्षु*
- **"मरिसकेको मान्छे फर्कने छैन। उसको मृत्यु शरीर विलाप सुनेर विचलित पनि त हुँदैन।** *स्थान: पूर्वाराम विहार; श्रोता: आनन्द भिक्षु*
- **"जसले धर्मलाई देख्छ, उसले मलाई (=बुद्धलाई) देख्छ।"** *स्थान: राजगृह, श्रोता: वक्कलि भिक्षु*
- **"जसले रोगीको सेवा गर्छ, उसले मेरो (=बुद्धको) सेवा गर्छ।"** *स्थान: राजगृह; श्रोता: एक ब्राह्मण*
- **"म मोक्षदाता होइन, म त मार्ग प्रदर्शक मात्र हुँ।"** *स्थान: राजगृह; श्रोता: एक ब्राह्मण*

**धर्मकीर्ति प्रत्रिकाया विशेष सदस्य:**

**क्र. सं. २९०**

**दिल मान गुरुङ्ग (पाखिन)**
**महाराजगञ्ज, चक्रपथ**
**का.म.पा वडा नं ४ काठमाण्डौ**
**फोन : ४-११६४९**
**रू. १०१०/-**



## सूचना

**प्रत्येक शनिबार बिहान ८ बजे देखि १० बजे सम्म युवा युवतीहरूलाई बुद्धको शिक्षा बारे रचनात्मक ढंगले प्रवचन र कक्षा संचालन भइरहेको छ। इच्छुक सबैलाई स्वागत छ।**

### शनिवार स्वास्थ्य सेवा

**धर्मकीर्ति विहारको आयोजनामा प्रत्येक शनिवारको दिन बिहान ९:३० बजे देखि १२ बजे सम्म नि:शुल्क स्वास्थ्य सेवा भैरहेको सहर्ष जानकारी दिन्छौं।**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध मासिक

## २०५४ साल

## वर्ष १५ अंक १ देखी १२ सम्मको

## आय ब्यय विवरण

| खर्च | रकम | आम्दानी | रकम |
|---|---|---|---|
| १. कागज खर्च | ७९,००८/८७ | १. ग्राहक शुल्क | ९५५१०/- |
| २. छपाई | १,००,०५८/६० | २. विज्ञापन | ८५९५६/- |
| ३. स्टेशनरी | ७४७९/९० | ३. पत्रिका बिक्री | ७५/- |
| ४. हुलाक टिकट | ४२५५/- | ४. अन्तिम कागज मौज्दात | ११३४६/३६ |
| ५. ढुवानी | ६९०/- | ५. शोध भर्ना गर्नु पर्ने घाटा रकम | ५००७/०१ |
| ६. फुटकर खरिद | १४७०/- | | |
| ७. कार्यालय खर्च | ३४०२/- | | |
| ८. बिशेष सदस्य प्र.प.फ्रेम | १५३०/- | | |
| | १,९७,८९४/३७ | | १,९७,८९४/३७ |

उक्त रकम यसरी शोध भर्ना गरिएको छ ।

१. पत्रिकाको मुद्दती खाता होटेल लुम्बिनी गार्डेन न्यू कृष्टल प्रा.लि. बाट ब्याज प्राप्त रकम ४५,०००/-

२. पत्रिकाको वचत खाताहरूबाट ब्याज प्राप्त +१८३८/४६

| | |
|---|---|
| जम्मा ब्याज प्राप्त | ४६८३८/४६ |
| यस वर्षको घाटा रकम | -५००७/०१ |
| शोधभर्ना गरी वचत रकम | ४१,८३१/४५ |

उक्त रकम पत्रिकाको कोषमा जम्मा गरिएको छ ।

## कोषको विवरण

| | |
|---|---|
| २०५३ साल चैत्र मसान्त सम्मको विशेष सदस्य संख्या २२२ जवान जम्मा रू. | २,८१,०३२/- |
| २०५४ चैत्र मसान्त सम्मको विशेष सदस्य संख्या ५२ जवानको रू. | ५२,२९२/- |
| जम्मा | ३,३३,३२४/- |
| शोध भर्ना गरी बाँकी रकम | ४१८३१/४५ |
| दान चन्दा प्राप्त रकम | ११०१/- |
| कोषमा भएको जम्मा रकम | ३,७६,२५६/४५ |


Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्म र थेरबाद

आजभोलीको छलफल कार्यक्रममा देखिएको निरन्तरतालाई राम्रो लक्षणको रूपमा लिन सकिन्छ। यस्तो निरन्तरतालाई अन्य विभिन्न असल कार्यक्रमहरूले पनि कायम राख्न सके धार्मिक क्षेत्रमा मात्र होइन नेपालकै भविष्य उज्ज्वल बन्ने आशा राख्न सकिन्छ।

कार्यक्रमका एकजना सहभागीले प्रश्न उठायो- "यस छलफल कार्यक्रमको उपलब्धी त थुप्रै देखिन्छ। अन्य क्षेत्रहरू लगायत भिक्षुहरूको माझमा पनि यस छलफल कार्यक्रम बारे चर्चा हुने गर्छ। तर मैले एउटो कुरो भने प्रष्ट संग बुझ्न सकिराखेको छैन, त्यो हो - "बुद्ध धर्म, बुद्ध शासन र थेरवाद भनेको एउटै हो वा फरक फरक छन् ?"

आयोजकले प्रश्नकर्तालाई नै प्रश्न गर्दै भन्नुभयो- "यसबारे प्रश्न उठाउनु भएको किन होला ?"

प्रश्न कर्ता- "किनभने कुनै समारोहमा कुनै भिक्षुले बुद्ध शासन र बुद्ध धर्म प्रचार बारे कुरो उठाउँछ भने कुनै भिक्षुले थेरवादी धर्मलाई शुद्ध धर्म भन्दै जोड दिने गरेको देखिन्छ । यसले गर्दा हामीजस्ता धर्म प्रेमीहरू अन्यौलमा परेका छौं, कुनचाहिंलाई धर्म भनेर मान्ने ?"

आयोजक - 'राम्रो प्रश्न उठाउनुभयो यहाँले। साधारणतया बुद्ध धर्म, बुद्ध शासन र थेरवादीमा फरक नभएको जस्तो त देखिन्छ। तैपनि गहिरिएर अध्ययन गर्ने हो भने यिनीहरूमा धेरै फरक छन्। बुद्धले धर्मप्रचार गर्नुहुँदा कहिले पनि बुद्धधर्म र थेर वादी भनेर उच्चारण गर्नु भएको छैन। उहाँले त मात्र "धर्म प्रचार" गर्नु भएको छ। उदाहरणको लागि उहाँले बुद्धत्त्व प्राप्त गर्नुभएपछि सर्वप्रथम सार नाथमा धर्मचक्र प्रवर्तन गर्नु हुँदा यसलाई उहाँले बुद्ध धर्मचक्र भनी नामाकरण गर्नु भएन । शिर्फ धर्मचक्र मात्र उल्लेख भएको पाइन्छ। त्यस्तै बुद्ध परिनिर्वाण हुनु अगाडि सुभद्र परिव्राजक आई बुद्ध समक्ष आफ्नो अन्यौल भावना प्रकट गरी प्रश्न सोधेका थिए- "भगवान ! विभिन्न धार्मिक नेताहरूले आ-आफ्नो मत र सिद्धान्तले युक्त भएको धर्मलाई उच्च र पवित्र धर्मको रूपमा लिने गरेको पाइन्छ। त्यसैले कुनचाहिं सिद्धान्तलाई धर्म मान्ने होला ?"

उनको प्रश्नको उत्तर दिनुहुँदै बुद्धले भन्नुभएको थियो- "चारवटा आर्यसत्य र आर्य अष्टाङ्गिक मार्ग सम्वन्धि ज्ञान समाविष्ट भएको सिद्धान्तलाई धर्म मान्न सकिन्छ। चार आर्यसत्यलाई राम्ररी बुझी आर्य अष्टाङ्गिक मार्गलाई आफ्नो दैनिक जीवनमा प्रयोग र अभ्यास गर्ने ब्यक्तिलाई धार्मिक भन्न सकिन्छ।"

यसरी बुद्धले दिनुभएको उपदेशबाट स्पष्ट गर्छ, धर्मको कुनै नाम छैन। हाल प्रचलित थेरवादी शासन त बुद्ध परिनिर्वाण हुनुभएको १०० वर्ष पछि मात्र द्वितीय संगायना पछि स्थविर भिक्षुहरूको नेतृत्वमा प्रचार गरिएको कुरो इतिहासले बताइ- रहेको छ । यसरी शुद्ध धर्मलाई साप्रदायिक भावनाले भरिएका ब्यक्तिहरूले बुद्ध धर्म, थेरवादी, महायानी र बज्रयानी आदि नामले रंगाइदिएको देखिन्छ। प्रकृतीको शुद्ध र सत्य धर्मलाई सिद्धार्थ गौतमले अनुसन्धान र अध्ययन पश्चात पत्ता लगाउनु भई उहाँ बुद्ध हुनुभएको हुनाले ब्यवहारमा



Downloaded from http://www.dhamma.digital

सजिलो पार्नका लागि बुद्ध धर्म भनी नाम दिएको मात्र हो । उदाहरणको लागि न्यूटनले पृथ्वीको गुरुत्वाकर्षण शक्तिलाई अनुसन्धान गरी पत्ता लगाउनु भएकोले यसलाई न्यूटनको सिद्धान्त भनी नामाकरण गरिएको थियो । यसरी नै बुद्धको देनलाई स्मरण गर्दै बुद्ध शासन र बुद्ध धर्म भन्दा त्यति आपत्ति नदेखिएतापनि थेरवादी र महायानी नामाकरण गर्नु त सरासर साम्प्रदायिक र परम्परावादी हुन जान्छ ।

थेरवादी बुद्ध शासनमा बुद्धको मौलिक उपदेशहरू समावेश भएतापनि महायानी ग्रन्थहरूमा उल्लेखित उपदेशहरू बुद्ध वचन कदापि होइन भन्न पनि मिल्दैन । यस्तै भन्ने हो भने त कतिपय थेरवादी पाली ग्रन्थहरूमा पनि विकृतीको रूपमा थुप्रै ब्राह्मणवादी सिद्धान्तहरू भित्रिएका देखिन्छन् ।

सत्य नारायण गोयन्काजीले प्रचार गरिराख्नु भएको धर्म बुद्धले पत्ता लगाउनु भएको धर्ममा आधारित छ । उहाँले पाली त्रिपिटक छापेर प्रचार गर्नु भए तापनि यसलाई बुद्ध धर्म भनी नामाकरण नगरी धर्म प्रचार मात्र भन्नु भएको देखिन्छ । यही विपस्सना भावनाबाट उहाँले मानिसलाई मानिसको राम्रा गुणहरूले भर्न खोज्नुभएको छ । यसरी उहाँले संख्यात्मक होइन गुणात्मक वृद्धितर्फ ध्यान दिनुभएको छ । वास्तवमा यसलाई नै सही धर्म प्रचार कार्य मान्न सकिन्छ र यही बुद्ध शिक्षाको सिद्धान्त पनि हो । तर आजभोलीका थेरवादी र महायानी कहलाउन खोज्नेहरूमा यस प्रकारको ज्ञान कहिले हुने होला कुन्नि ?

अर्की भद्र महिलाले प्रश्न उठाइन्- भिक्षुहरूले महापरित्राण पाठ गर्नु भएको सुनिरहँदा कहिं महायज्ञ भइरहेको ठाउँमा ब्राह्मणहरूले वेद मन्त्र पाठ गरिरहेको होकि भन्ने भान हुन्छ । के महापरित्राण पाठ र वेदमन्त्रमा फरक छ ?"

उत्तर- धेरै फरक छ नि । हुनत महापरित्राण महायज्ञको विकल्प हो । तर महायज्ञ गर्दा खेरी धेरै अन्न, घ्यू, तेल, स्वाहा हुन्छ । महापरित्राणमा यसरी नाश हुँदैन । तैपनि श्रद्धा भक्ति चरित्र सहितका परम्परावादी प्रेमीहरूको कारणले दीयो बाल्दै तीन चार माना तेल नाश गर्ने प्रथा अहिले घुसाइसकेको छ ।

परित्राण पाठमा बुद्धको अमूल्य उपदेश समावेश छ । परित्राण पाठ एक मनोवैज्ञानिक चिकित्सा पनि हो । तर हाल अपवाद स्वरूप महापरित्राण पाठमा मन्त्र तन्त्र, भूत प्रेत तथा राक्षसहरूको बारेमा पनि भित्र्याइएको देखिन्छ । महापरित्राणपाठबाट राम्ररी फल पाउन खोज्ने नै हो भने पाठ गर्ने र पाठ श्रवण गर्ने ब्यक्तिहरूको बीचमा कतिपय अंगहरू पूर्ण हुन् अनिवार्य छ । ती अंगहरू यसरी छन्-

परित्राण पाठ गर्ने ब्यक्तिहरू,

१. शुद्ध चरित्र सहितको भई परित्राणको अर्थ बुझ्ने हुनुपर्छ ।
२. श्रद्धा र मैत्री चित्त सहितको हुनुपर्छ ।
३. सदाचार सम्पन्न हुनुपर्छ ।

परित्राण पाठ श्रवण गर्ने ब्यक्तिहरू,

१. पंच महापापले रहित हुनुपर्छ ।
२. श्रद्धा पूर्वक र विश्वास पूर्वक परित्राण श्रवण गर्नुपर्छ अथवा परित्राणमा आस्था हुनुपर्छ ।
३. सदाचार सम्पन्न हुनुपर्छ ।

लौ त, आज दुई विषयहरूमा मात्र छलफल भएपनि यसले मानिसहरूमा उत्पन्न भइरहेका अन्दोललाई हटाउने छ भन्ने विश्वास लिंदै आजलाई यत्तिकैमा छलफल कार्यक्रम टुंग्याउनु पर्ला । अर्को जिज्ञासालाई पछिल्लो कार्यक्रममा राख्नु पर्ला । ■

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# लुम्बिनीमा विश्व बौद्ध सम्मेलन

लुम्बिनी विकास कोषको तर्फबाट वा श्री ५ को सरकारको तर्फबाट आगामी मंसीर १५,१६ गते महामानव शान्ति नायक गौतम बुद्धको जन्मभूमि लुम्बिनीमा विश्व बौद्ध शिखर सम्मेलन हुन लागिरहेको खुशीको कुरो हो। त्यसका लागि युवा खेलकूद तथा सँस्कृति मन्त्री एवं लु.बि.को.का अध्यक्ष पूर्णबहादुर खड्काको अध्यक्षतामा मूल तयारी कमिटी गठन भएको छ। त्यसकारण लुम्बिनी जस्तो पवित्र क्षेत्रमा हुन लागेको यस पवित्र सम्मेलनलाई सफल पार्न सबै क्षेत्रले सहयोग दिनुपर्ने देखिन्छ।

सम्माननिय प्रधानमन्त्रीज्यूको विचार अनुसार यस सम्मेलनले गर्दा नेपालको प्रतिष्ठा बढ्ने छ। शायद विश्व बौद्ध सम्मेलन पछि लुम्बिनी विकास कार्यक्रमहरूलाई अन्तर्राष्ट्रिय आर्थिक सहयोगहरू प्राप्त हुने हो कि ? यी सहयोगहरू पाइन हो वा होइन यो कुरो त भविष्यले नै बताउने छ।

तर अन्तर्राष्ट्रिय आर्थिक सहयोगको आशा राख्ने नै हो भने त सहयोग प्राप्त गर्न लायकका केही कार्यहरू पनि त गरेर देखाउन सक्नु पर्‍यो नि। किनभने सहयोग भनेको रूखबाट खस्ने फल त अवश्य पनि होइन। सहयोग प्राप्त गर्नेहरूले सहयोग दिने क्षेत्रको विश्वासिलो पात्र बन्न सक्नु पर्‍यो। सर्वप्रथम त लुम्बिनीमा उत्खनन् गरेर निकालेर अनाथ पारिएकी महामायादेवीको प्रतिमालाई पुनः निर्माण गरेर देखाउन सक्नुपर्‍यो। त्यति मात्र होइन निर्माण स्थल जाने सडकको व्यवस्था, ढल र पानीको व्यवस्थालाई पनि सुव्यवस्थित पार्न सके श्री ५ को सरकारको कार्यप्रति अन्तर्राष्ट्रिय जगतको विश्वासिलो नजर पर्न सक्ला कि ? यसो हुन सके मात्र लुम्बिनी विकासको गुरु योजना केही हदसम्म भएपनि सफल हुने छ कि ? त्यस्तै नहर निर्माण गरेर देखाउन सके त लुम्बिनीमा हुन गइरहेको विश्व बौद्ध सम्मेलनको उपलब्धी पनि हुने र नेपालको प्रतिष्ठा पनि बढ्ने आशा लिन सकिन्छ।

तर हालसम्म त यी कुराहरू सबै सपना जस्तो मात्र भैरहेको छ। किनभने हाल यस्तो पवित्र र शान्ति भूमि लुम्बिनीको मायादेवी मन्दिर वरिपरि एकदम विपरित कार्यहरू भैरहेको देखिन्छन्। किनभने यस पवित्र स्थानलाई मानिसहरूले मारकाट जस्ता हिंसा कर्म गरी पिकनिक र बन भोज मनाउने पिकनिक स्थल बनाई रहेको छ। जुन कार्य त्यस शान्ति भूमिलाई बिलकुल अशोभनिय देखिन्छ। त्यसकारण त्यस पवित्र स्थानमा ती अपवित्र कार्यहरू गर्न गराउन बन्देज लगाइनु पर्दछ। धार्मिक क्षेत्रमा धार्मिक र शान्त वातावरण मात्र सुहाउने हुन्छ। धार्मिक क्षेत्रको धार्मिक वातावरणले मात्र मानिसहरूको श्रद्धा उब्जाउन सक्नेछ।

यसको साथसाथै लुम्बिनी क्षेत्रमा मानिसहरूको जीवन सुरक्षाको व्यवस्था पनि हुनु आवश्यक छ। जापानी भिक्षु (युनाताका नावातामे) को निर्मम हत्यालाई कसैले बिर्सन सकेको छैन। आजसम्म त्यस्तै लुम्बिनीको मायादेवी मन्दिर भित्र पुरोहितको एकाधिकारी प्रथालाई हटाउन आवश्यक देखिन्छ। मन्दिरभित्र स्वच्छ वातावरण छैन।

अन्त्यमा धर्मकीर्तिले मायादेवी मन्दिर इलाकाको हाताभित्र शुद्ध र स्वच्छ वातावरण कायम हुने आशा राख्दै लुम्बिनीमा हुन गइरहेको विश्व बौद्ध शिखर सम्मेलनको सफलताको पनि कामना गरिरहेको छ।

मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : [illegible] काठमाडौं, नेपाल। फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८
Downloaded from http://www.dhamma.digital